जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ •अंक २१ • २०८३ साल जेठ २७ गते बुधवार (10 June, Wednesday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।–


## आज प्रदेश सभाको बैठक



**टुडे समाचारदाता**

जनकपुरधाम । राजनीतिक नियुक्तिको विषयमा सत्तापक्ष र प्रतिपक्षी दलबीच विवाद भएर स्थगन भएको प्रदेश सभाको बैठक बुधबार बस्ने भएको छ ।

सभामुख रामअशिष यादवको पहलमा मंगलवार भएको सर्वदलीय बैठकमा प्रदेश सभाको बैठक सञ्चालन गर्ने सहमति भएको छ ।

सरकारको नीति तथा कार्यक्रम उपर छलफल गर्नुपर्ने र बजेटको समय समेत घर्किन थालेकोले बैठक सुचारु गर्न सहमति जुटेको प्रमुख प्रतिपक्षी दलका नेता सरोज कुमार यादवले जनाए ।

'सरकारले गरेको कार्य कानुन विपरित रहेको हाम्रो अडान यथावत छ' उनले भने, तर मुख्यमन्त्री कृष्ण यादवले प्रदेश सभाको बैठकमा जवाफ दिने प्रतिबद्धता जनाएकाले हामी सहज भएका छौ ।

सरकारलाई बजेट लगायतको काम गर्न सहजताका लागि प्रदेश सभाको बैठक गर्न विपक्षी दलहरुले सहमति जनाएका छन् ।

बैठकमा मुख्यमन्त्री यादव, नेकपा एमाले दलका नेता सरोज कुमार यादव, नेपाली कम्युनिष्ट पार्टी दलका नेता समेत रहेका अर्थ मन्त्री युवराज भट्ट्राई, प्रमुख प्रतिपक्षी दल जनता समाजवादी पार्टी (जसपा) नेपाल दलका नेता सरोज कुमार यादव, जनमत दलका नेता चन्दन सिंह र एकल सदस्य रहेका दलका तीन जना सांसदहरुको सहभागिता रहेको थियो ।

प्रदेश सरकारले अगामी बर्षको बजेट बनाइरहेको छ । तर अगामी आर्थिक वर्षको बजेटमा टुक्रे योजनाहरु समावेश नगरिने मुख्यमन्त्री यादवले जनाइसकेका छन् । १ करोडभन्दा कम रकमको योजनाहरु आगामी आर्थिक वर्षको बजेटमा समाहित नहुने उनले बताएका छन् ।

## रास्वपा मधेश प्रदेशको अधिवेशन अनिश्चित

# सात जिल्लामा अधिवेशन स्थगन, कुटाकुटको अवस्था

**टुडे समाचारदाता**

जनकपुरधाम । सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को मधेश प्रदेश अधिवेशन अनिश्चित भएको छ। जेठ २८ गतेका लागि घोषणा भएको मधेश प्रदेश अधिवेशनलाई अनिश्चितकालका लागि स्थगित गरिएको छ।

अनुशासन आयोगका केन्द्रीय प्रमुख भुवन केसीले मंगलबार सूचना प्रकाशित गरेर मधेश प्रदेश अधिवेशन रोकिएको जानकारी गराएका हुन् ।

मधेश प्रदेशको ८ जिल्ला मध्ये मंगलवार चुनाव प्रकृयाबाट पर्सा जिल्लामा मात्र नेतृत्व चयन हुन सकेको छ ।अन्य ७ जिल्लामा विवाद रहेको छ ।

जेठ २३ र २४ गते मधेश प्रदेशमा जिल्ला अधिवेशन गने कार्यतालिका सार्वजनिक गरिएको थियो । तर तोकिएको समय सीमामा जिल्ला अधिवेशन हुन नसकेपछि प्रदेश अधिवेशन रोकिएको हो। मधेशका आठ जिल्लामध्ये हालसम्म पर्साको मात्रै अधिवेशन भएको छ । अन्य जिल्लामा प्रक्रिया सुरु भएपनि नेतृत्व चयन हुन सकेको छैन । सर्वसम्मतबाट जिल्ला नेतृत्व चयन हुन नसकेपछि लोकतान्त्रिक प्रक्रिया मतदानबाट चुनाव गराउने तयारी हुँदा विवाद भएको हो। त्यसकारण ७ वटा जिल्लामा नेतृत्व चयन हुन सकेको छैन।

'स्थगनको निर्णय मधेस प्रदेश अधिवेशनसंग सम्बन्धित प्रतिनिधि छनोट, निर्वाचन कार्यक्रम, उम्मेदवारी प्रक्रिया, प्रचारप्रसार, बैठक, भेला तथा अधिवेशन आयोजनासँग सम्बन्धित सम्पूर्ण गतिविधिहरुमा लागु हुनेछ,' अनुशासन आयोगका प्रमुख केसीले जारीगरेको विज्ञप्तिमा उल्लेख छ।

रास्वपाको प्रदेश अधिवेशन मंगलबारबाट शुरु भएको छ। प्रदेशतर्फ पहिलो अधिवेशन बागमतीबाट सुरु गरिएको छ। कोशीको जेठ २७, गण्डकीको २९, लुम्बिनीको ३०, कर्णालीको ३१ जेठ र सुदूरपश्चिम प्रदेशको अधिवेशन असार १ गतेका लागि तोकिएको छ । धनुषा जिल्लाको मंगलवार हुने अधिवेशन पनि स्थगित भएको छ । अधिवेशन स्थलमा विवाद चर्किएपछि स्थगन गरिएको थियो ।





धनुषाका संस्थापक अध्यक्ष लक्ष्मेश्वर यादवलाई बर्खास्त गर्दै जिल्ला अधिवेशनको प्रक्रियाबाट नै आउट गरिएको छ । उनको नेतृत्वमा नै धनुषाको चार मध्ये तीन निर्वाचन क्षेत्रमा रास्वपाका उम्मेदवार प्रतिनिधि सभामा निर्वाचित भएका छन् ।तर उनलाई नै अधिवेशन उद्घाटन हुनु भन्दा १ घण्टा अगावै बर्खास्तगरि अधिवेशन स्थगन गरिएको थियो ।

जिल्लाभरिका सबै पालिका र वडाका प्रतिनिधिहरु अधिवेशन स्थलमा पुगिसकेको र उद्घाटनको तयारी भइरहेको बेला अचानक निलम्बनको पत्र आएको अध्यक्ष यादवले बताए ।'केन्द्रले अन्यायपूर्ण ढंगबाट मलाई निलम्बन गरेको छ' उनले भने, यस्तो निर्णयलाई हामी मान्दैनौं ।

केही दिन पूर्व गणेशमान चारनाथ नगरपालिकाका रास्वपा कार्यकर्ताहरुले जिल्ला पार्टी कार्यालयमा तालाबन्दी गरेका थिए ।

मधेश प्रदेशका अध्यक्ष तपेश्वर यादवको गृह जिल्ला सिरहामा पनि कुटाकुट भएपछि अधिवेशन अनिश्चित भएको छ ।सर्वसम्मतीको प्रयास बिफल भएपछि मतदान प्रकृयाबाट जिल्ला नेतृत्व चयन गर्न चुनाव तालिका सार्वजनिक गरिएपछि विवाद भएको थियो ।त्रिपक्षीय देखिएको गुटबन्दीमा सांसदहरु नै लागेका छन् ।

सप्तरी जिल्लामा पनि विवाद चर्को नाराबाजीको कारण जिल्ला अधिवेशन स्थगित भएको छ । जिल्ला नेतृत्व चयनका लागि अगाडि बढाइएको सबै प्रक्रियाहरु स्थगन भएको बताइएको छ । प्रहरीले कडा सुरक्षा दिएपछि चुनाव समितिका पदाधिकारीहरु सुरक्षित रुपमा कार्यक्रम स्थलबाट बाहिरिएका थिए ।

महोत्तरी जिल्लामा पनि विवाद चुलिएको छ । सांसदहरुको हस्तक्षेप, नयाँ र पुरानाबीचको विवादले अधिवेशनहरु बाधित भएको छ ।पुरानाले नयाँलाई अवसरबाट बञ्चित गर्ने र नयाँले नेतृत्वमा दावी गर्ने अधिवेशन स्थगनको मुख्य कारण रहेको छ ।

सर्लाही र रौतहट जिल्लामा पनि विवादको कारण अधिवेशन स्थगन भएको छ। जिल्ला अधिवेशनको अर्को तिथि तोकिएको छैन । मधेश प्रदेशमा बारा जिल्लाबाट नै विवाद चर्किएको छ। बारा जिल्लामा अध्यक्षलाई नै बर्खास्त गरिएपछि त्यहाँ अधिवेशन हुन सकेको छैन ।

जिल्ला अधिवेशन गराउन केन्द्रले खटाएको प्रतिनिधिहरुको योग्यतामाथि पनि प्रश्न उठेको छ। सहमतिको लागि पर्याप्त अभ्यास नगरिएको र थोरै बाझाबाझ हुँदा अधिवेशन नै स्थगन गरिएको सुचना केन्द्रीय अनुशासन समितिबाट जारी हुने गरेको आरोप लगाइएको छ।

रास्वपामा अधिवेशन स्थगन गर्ने र कारवाही गर्ने जिम्मेवारी पनि अनशासन समितिलाई नै दिएको छ । सुझबुझका साथ अधिवेशन गराउने केन्द्रीय प्रतिनिधिले काम गरेको भए सबै जिल्ला अधिवेशन समयमै सम्पन्न हुने नेताहरुको कथन छ।

# गृहमा गुरुंग फर्के, पुन पनि मन्त्री

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री बालेन्द्र साह (बालेन) ले मंगलबार पाँचौ पटक मन्त्रिमण्डल पुनर्गठन गरेका छन् । प्रधानमन्त्री साहले २ मन्त्री थप्दै मन्त्रिमण्डल पुनर्गठन गरेका हुन् । प्रधानमन्त्री साहले गृहमन्त्रीमा सुधन गुरुङ र विज्ञान प्रविधि तथा नवप्रवर्तनमन्त्रीमा महावीर पुनलाई नियुक्त गरेका हुन् ।

चैत १३ गते प्रधानमन्त्री नियुक्त भएका बालेनले चैत २४ गते, चैत २७ गते, वैशाख ९ गते र वैशाख ३१ गते पुनर्गठन गरेका थिए ।

नवनियुक्त दुवै मन्त्रीले पद तथा गोपनियताको शपथ लिएर पदवहाली गरिसकेका छन् । राष्ट्रपति कार्यालय शीतल निवासमा आयोजित संक्षिप्त समारोहमा राष्ट्रपति रामचन्द्र पौडेलले दुबै मन्त्रीलाई पद तथा गोपनीयताको शपथ गराएका हुन् । अब रक्षा मन्त्रालय मात्र प्रधानमन्त्री बालेनसित रहेको छ ।

गुरुङ राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट गोरखा-१ र पुन स्वतन्त्र उम्मेदवार भइ म्याग्दीबाट निर्वाचित सांसद हुन् । उनीहरू दुवै जना दोस्रो पटक मन्त्री बनेका हुन् । वरियता क्रममा सुधन पाँचौ र पुन आठौँ नम्बरमा छन् ।

गुरुङ गत चैत १३ गते गृहमन्त्री नियुक्त भएर वैशाख ९ गते पदबाट राजीनामा दिएका थिए । पुन भने जेन- जी आन्दोलनपछि बनेको सुशीला कार्की नेतृत्वको सरकारमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्री बनेका थिए ।

सम्पत्ति विवादमा राजीनामा दिएको २ महिनापछि सांसद सुधन गुरुङ फेरी गृह मन्त्रालय फर्किएका छन् ।उनले छानविन प्रकृयालाई सहज बनाउन पदबाट राजीनामा दिएको बताएका थिए ।

पुनलाई नयाँ मन्त्रालय विज्ञान प्रविधि तथा नवप्रवर्तनको जिम्मेवारी दिएको छ । उम्मेदवारी





दर्ताको पूर्वसन्ध्यामा उनले सरकारबाट राजीनामा दिएर चुनावमा स्वतन्त्र उम्मेदवार बनेका थिए । उनी स्वतन्त्र भएर चुनाव जिते पनि संसदमा सरकारको प्रतिरक्षा गरिरहेका थिए ।

उनले विरोधको भन्दा सहमतिको आधारमा देश बनाउनु पर्ने धारणा राख्दै आएका छन् ।

पूर्वन्यायाधीश अच्युतप्रसाद भण्डारी नेतृत्वको छानबिन समितिले गुरुङको 'सम्पत्ति अस्वभाविक रुपमा स्रोत नै नखुल्ने भन्न मिल्ने नदेखिएको' भन्दै 'क्लिन चिट' दिएपछि उनलाई पुनः गृहमन्त्रालयको जिम्मेवारीमा फिर्ता ल्याइएको छ ।

विवादास्पद व्यवसायी दीपक भट्ट जोडिएको कम्पनीमा लगानी देखिएको विवरण सार्वजनिक भएपछि अनुसन्धानका लागि भन्दै उनले ९ वैशाखमा राजीनामा दिएका थिए । राजीनामा दिँदा उनले 'आफूसँग सम्बन्धित विषयको निष्पक्ष छानबिन होस् र पदमा रहँदा स्वार्थको द्वन्द्व नदेखियोस् भन्ने चाहेको' बताएका थिए । सरकारले उनीमाथि उठेको प्रश्नको जाँचका लागि भन्दै पूर्वन्यायाधीश भण्डारीको नेतृत्वमा महालेखा नियन्त्रक शोभाकान्त पौडेल र सहन्यायाधिवक्ता अच्युतमणि नेउपाने सदस्य भएको समिति गठन गरेको थियो ।

समितिले व्यवसायी भट्टसँग गुरुङको ' प्रत्यक्ष सम्बन्ध र आर्थिक कारोबार पुष्टि नहुने' भन्दै दिएको प्रतिवेदनलाई मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले ग्रहण गर्ने निर्णय गरेको थियो । त्यसपछि उनलाई गृहमन्त्रीमा नियुक्त गर्न प्रधानमन्त्री साहले राष्ट्रपति कार्यालयसमक्ष सिफारिस गरेका थिए ।

२३ भदौमा भएको जेन-जी आन्दोलनपछि चर्चामा आएका हामी नेपालका संस्थापक सुधन गुरुङ १३ चैत २०८३ मा गृहमन्त्री बनेकै दिन बेलुकी पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई पक्राउ गर्न निर्देशन दिएका थिए ।

नेपाल प्रहरीका प्रमुख आईजीपी दानबहादुर कार्कीलाई बोलाएर उनले यो निर्देशन दिएलगत्तै तत्कालीन सशस्त्र प्रहरी प्रमुख आईजीपी राजु अर्याललाई समेत बोलाइएको थियो ।

गुरुङले २३ र २४ भदौमा भएको घटनाको छानबिन गर्न गठित पूर्वन्यायाधीश गौरीबहादुर कार्की नेतृत्वको प्रतिवेदनलाई कार्यान्वयन गर्न उनीहरूलाई पक्राउको निर्देशन दिएका थिए । सशस्त्र प्रहरीका आईजीपी अर्याल स्वयंलाई आयोगले फौजदारी कसूरमा अनुसन्धान गर्न सिफारिस गरेको थियो । पछि मन्त्रिपरिषद् बैठकले सुरक्षाकर्मीको हकमा छुट्टै छानबिन समिति गठन गरेर अघि बढ्ने निर्णय गरेको थियो ।

ओली-लेखकलाई पक्राउ नगरुञ्जेल गृहमन्त्री गुरुङ स्वयं प्रहरी प्रधान कार्यालयमै बसेका थिए । त्यसपछि बिहान झिसमिसेमै उनीहरू पक्राउ परेका थिए ।

गुरुङ गृह मन्त्रालयबाट २६ दिनमै बाहिरिएका थिए । गृहमन्त्री छउञ्जेल उनी बालेन नेतृत्वको मन्त्रिपरिषद्मा सर्वाधिक व्यस्त मन्त्रीका रुपमा देखिएका थिए । दोस्रो दिन ओली-लेखक पक्राउ परेपछि बेलुकीदेखि नै उनी प्रहरीका विभिन्न युनिटको निरीक्षण गरेका थिए ।

बलात्कार आरोपमा एमाले नेता कर्णबहादुर मल्ललाई पनि उनको निर्देशनमा पक्राउ गरिएको थियो । एमाले अध्यक्ष ओली पक्राउको विरोधमा प्रदर्शनरत कार्यकर्ताले दुर्व्यवहार गरेका ज्येष्ठ नागरिकलाई भेट्न उनकै निवासमा पुग्नेदेखि राति मन्त्रालयमै सुतेको तस्बीरसमेत उनले सार्वजनिक गरेका थिए ।




# न्याय र सहयोगका लागि गुहार



**टुडे समाचारदाता**

जनकपुरधाम । कुटपिटबाट गम्भीर घाइते भएका जनकपुरधामका एक व्यक्तिको उपचार खर्च अभावमा आवश्यक शल्यक्रिया रोकिएको भन्दै पीडित परिवारले न्यायसहित उपचारका लागि आर्थिक सहयोग उपलब्ध गराउन सरोकारवाला निकायसँग गुहार गरेको छ।

जनकपुरधाम उपमहानगरपालिका-३ निवासी मानसिक सन्तुलन ठीक नरहेका मगनु भन्ने मगनी दास वैशाख ७ गतेदेखि हराएका थिए। त्यसक्रममा उनी मागीचाँगी गर्दै महोत्तरीको जलेश्वर नगरपालिका-८ पुगेका बेला स्थानीय अमोद ठाकुरले 'चोर-चोर' भन्दै निर्ममतापूर्वक कुटपिट गरेको आरोप लगाइएको छ।

घटनामा गम्भीर घाइते भएका मगनीलाई सुरुमा जलेश्वरस्थित प्रादेशिक अस्पतालमा उपचारका लागि लगिएको थियो।

त्यहाँ उपचार सम्भव नभएपछि उनलाई जनकपुरधामस्थित प्रादेशिक अस्पताल रेफर गरिएको थियो। पछि थप उपचार आवश्यक परेपछि हाल उनी जनकपुरधामस्थित स्वास्तिक अस्पतालमा उपचाररत छन् । स्थानीयवासीको सहयोगमा प्रहरीले उनलाई अस्पताल पुऱ्याएको बताइएको छ।

कुटपिटका कारण मगनीको बाँया खुट्टा नराम्ररी भाँचिएको, दायाँ हात टुटेको तथा छातीको बाँया भाग र टाउकोको पछाडिपट्टि गम्भीर चोट लागेको परिवारले जनाएको छ।

पीडितका छोरी आरती देवी दासको जाहेरीका आधारमा पक्राउ परेका आरोपित अमोद ठाकुर हाल अनुसन्धानका लागि प्रहरी हिरासतमा रहेका छन्। पीडित पक्षले जिल्ला अदालतमा मुद्दासमेत दायर गरिसकेको जनाएको छ। तर अदालतबाट फैसला आउन ढिलाइ हुँदा उपचार व्यवस्थापनमा थप समस्या उत्पन्न भएको परिवारको गुनासो छ।

मंगलबार आयोजित पत्रकार सम्मेलनमा पीडितका छोरी आरती देवी दासले अहिलेसम्म उपचारमा करिब ७ लाख रुपैयाँ खर्च भइसकेको बताइन्। उनका अनुसार उपचारका लागि विभिन्न व्यक्तिसँग ऋण लिइएको छ भने घरका गरगहना समेत बिक्री गरिसकिएको छ।

"अहिलेसम्म ऋण र गरगहना बेचेर उपचार गराउँदै आएका छौं। तर अब आर्थिक स्रोत सकिएको छ। पीडक पक्षबाट हालसम्म एक रुपैयाँ पनि क्षतिपूर्ति प्राप्त भएको छैन," उनले भनिन्।

आरतीका अनुसार मगनीको छाती र टाउकोको शल्यक्रिया अझै बाँकी छ। तर आवश्यक रकम अभाव भएपछि अस्पतालले थप उपचार गर्न कठिनाइ रहेको जनाएको छ। समयमै शल्यक्रिया हुन नसके बिरामीको ज्यानसमेत जोखिममा पर्न सक्ने चिकित्सकहरूले बताएको उनको दाबी छ।

"अब के गर्ने भन्ने अन्योलमा छौं। उपचार खर्च जुटाउन नसक्दा बाबुको उपचार नै रोकिने अवस्था आएको छ। समयमै उपचार नभए बचाउनै कठिन हुने चिकित्सकहरूले बताएका छन्," उनले भावुक हुँदै भनिन्।

पीडित परिवारले दोषीमाथि कानुनी कारबाही, उचित क्षतिपूर्ति तथा उपचारका लागि तत्काल आर्थिक सहयोग उपलब्ध गराउन सरकार, मानवअधिकारकर्मी, नागरिक समाज तथा सम्बन्धित निकायसँग आग्रह गरेको छ। परिवारले आर्थिक अभावका कारण एक गम्भीर घाइते व्यक्ति उपचारबाट वञ्चित हुने अवस्था सिर्जना भएको भन्दै न्याय र मानवीय सहयोगका लागि सबैसँग अपिल गरेको छ।

# लैंगिक हिंसा राहत कोष स्थापनाको माग



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा लैंगिक हिंसा राहत कोष स्थापना गर्नुपर्नेमा सरोकारबालाहरुले जोड दिएका छन् ।

लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति तथा लैंगिक हिंसा राहत कोषको उपयोग सम्बन्धी मंगलबार जनकपुरधाममा आयोजित नीतिगत संवाद कार्यक्रममा बोल्दै उनीहरुले यस्तो माग गरेका हुन् । हिंसामा परेका महिलाहरुको पुर्नस्थापन र व्यवस्थापनमा समस्या भएको बताउँदै उनीहरुले मधेश प्रदेश सरकारसित कोष स्थापनाको माग गरेका हुन् ।

ओरेक नेपाल धनुषाका प्रमुख विणा सिंहले घरेलुसहित अन्य हिंसामा परेकी महिलाहरुको व्यवस्थापनमा समस्या भएको सुनाउँदै यसको लागि प्रदेश सरकारले आवश्यक व्यवस्था मिलाउनुपर्नेमा जोड दिइन् ।

केयर नेपालको सहयोग र खेलकूद तथा समाज कल्याण मन्त्रालयको समन्वयमा समग्र जनउत्थान केन्द्र लहानले आयोजना गरेको नीतिगत संवाद कार्यक्रममा सिंहले विभिन्न हिंसामा परेकी महिलालाई उद्धार गरेर ल्याउँदा व्यवस्थापनमा समस्या भइरहेको बताइन् ।

अन्य प्रदेशले संचालनमा ल्याएपनि मधेश सरकारले अझै लैंगिक हिंसा निवारण कोष स्थापना गर्न सकेको छैन् । मधेश सरकारलाई पटक पटक आग्रह गरिएपनि हालसम्म कोष स्थापना हुन नसकेको मधेश प्रदेश समन्वय अधिकृत संजीव कुमार महतोले बताए । लैंगिक हिंसा विरुद्ध मधेश प्रदेश सरकारले गरेको व्यवस्थाबारे प्रस्तुतीकरण गर्दै महतोले हालसम्म लैंगिक हिंसा निवारण, बाल संरक्षण कोष स्थापना हुन नसकेको बताए । कोष स्थापनाको लागि पहल भइरहेको जानकारी दिदै सरकार अस्थिर हुँदा समस्या भएको उनले थपे । मधेश प्रदेशमा मुख्यमन्त्रीको अध्यक्षतामा प्रभावकारी र सक्षम प्रादेशिक सारभूत लैंगिक समानता निर्देशक समिति पनि गठन हुन नसकेको महतोले जानकारी दिए । निर्देशक समिति गठनको लागि हालसम्म भएको प्रयास पर्याप्त हुन नसकेकाले थप पहलको आवश्यक्ता उनले औंल्याए ।

कार्यक्रममा धनगढीमाई नगरपालिकाका उपप्रमुख संगिता कुमारी चौधरीले लैंगिक हिंसा अन्त्य गर्न स्थानीय सरकार प्रतिबद्ध रहेको बताइन् । लैंगिक हिंसा अन्त्य गर्ने अभियानमा सहयोगका लागि उनले सरोकारबालाहरुमा आग्रह समेत गरिन् ।

समग्र जनउत्थान केन्द्र, लहानका अध्यक्ष रामभरोसी महतोको अध्यक्षतामा भएको संवाद कार्यक्रममा केयर नेपालकी कार्यक्रम व्यवस्थापक लक्ष्मी अर्यालले साहस परियोजना अन्तर्गत सिरहा जिल्लाको धनगढी नगरपालिकामा संचालन भइरहेको क्रियाकलापबारे जानकारी गराइन् । समग्र जनउत्थान केन्द्र, लहानका कार्यकारी निर्देशक अनिता चौधरीले स्वागत गरेका कार्यक्रममा मधेश प्रदेश प्रहरी कार्यालयका प्रहरी निरीक्षक सोनु कुमार साहले मधेशमा लैंगिक हिंसाको अवस्थाबारे प्रकाश पारे ।

पाँच वर्ष यता डिजिटल प्लेटफर्मले हिंसामा ह्वात्तै वृद्धि भएको बताउँदै प्रहरी निरीक्षक साहले यसतर्फ सचेत हुन आवश्यक रहेको बताए ।

आसमान नेपालका कार्यक्रम व्यवस्थापक दिलिप कुमार यादवले श्रीमान श्रीमती समूहमा देवर र नन्दलाई समेत सहभागी गराउनुपर्नेमा जोड दिए । सासु बुहारीबीच अन्तरक्रियात्मक कार्यक्रमहरु संचालन गरेर जनचेतना फैलाउनुपर्ने धारणा उनको थियो ।

समग्र जनउत्थान केन्द्रका परियोजना संयोजक देवकुमार महतोले लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिबारे प्रकाश पारेका थिए ।

# जनता रिसाए भन्ने चिन्ता गरौं : सभापति थापा

गोरखा । नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले नेता रिसाए भनेरभन्दा पनि जनता रिसाए भनेर चिन्ता गर्न पार्टी पंक्तिलाई आग्रह गर्नुभएको छ । नेपाली कांग्रेस जिल्ला कार्यसमिति गोरखाले आयोजना गरेको स्वागत तथा भेटघाट कार्यक्रममा उहाँले केन्द्रको चिन्ता नगरी जिल्लाका जनताको चिन्ता गर्न सुझाव दिनुभयो । पार्टीको साधारण सदस्यको महत्त्व ठूलो भएकाले त्यसको कदर र संरक्षण गर्नु सबैको जिम्मेवारी भएको उनको तर्क थियो ।

"फलानो नेता रिसाए कि, ढिस्कानो नेता रिसाए कि भनेर चिन्ता गर्न छाड्नुस् । पार्टीको चुनाव चिह्नमा भोट हाल्ने जनता किन रिसाए भनेर चिन्ता गर्नुस्", उहाँले भन्नुभयो, "माथि, केन्द्र म मिलाउँछु । तल, जिल्ला तपाईंहरू मिलाउनुस् ।" जनता रिसाएर यसपटकको चुनावमा नतिजा बिग्रिएको भन्दै उहाँले जनता सम्हाल्न आग्रह गर्नुभयो ।

उहाँले २०८४ को चुनावमा उम्मेदवार माथिबाट नभइ तल्लो तहबाट छान्ने परिपाटीको विकास गर्ने बताउनुभयो । "अँध्यारो कोठामा बसेर यो हाम्रो मान्छे, त्यो फलानोको मान्छे भन्ने दिन गऱ्यो", उहाँले भन्नुभयो, "अब गोरखा नगरपालिकाको मेयरको टिकट कसलाई दिने भन्ने निर्धारण गोरखा नगरपालिकाकै पार्टीले गर्नेछ । अब तल्लो तहको पार्टी सदस्यको अभिमतलाई संस्थागत गर्न चाहन्छौं । पार्टी सदस्यको शक्तिलाई कदर गर्न चाहन्छु ।" रासस

# मौसमी हाइपरएक्यूट पानुवेइटिस रोगको स्वर्ण जयन्ती मनाइयो



मौसमी हाइपरएक्यूट पानुवेइटिस रोगको ५०औं वर्षको उपलक्ष्यमा निगरानी, सुदृढिकरण, जनचेतना तथा अभिमुखिकरण कार्यक्रम गरिएको छ।

"मौसमी हाइपरएक्युट प्यानुभाइटिस" नामक दृष्टि सम्बन्धी रोगका कारण वर्षेनी सयौ जना पीडित हुने गरेका छन् । स्वास्थ्य निर्देशनालय, सपही मधेश प्रदेशले सम्भवतः पहिलो पटक आयोजना गरेको कार्यक्रममा क्ज्बएए रोगले दृष्टिमा पारेको प्रभावबारे विज्ञहरुले प्रकाश पारेका थिए।

कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख मनोजकुमार साहले आफू यस प्रकारको रोगबारे अनभिज्ञ रहेको बताउँदै यसबारे व्यापक जनचेतना फैलाउनुपर्नेमा जोड दिए।

स्थानीय संचारमाध्यमको प्रयोग गरेर जनजनमा यो रोगबारे जानकारी गराउन जनचेतनामूलक कार्यक्रमहरु संचालन गर्नुपर्नेमा उनले जोड दिए।

स्वास्थ्य निर्देशनालयका निमित्त निर्देशक सरोजराज न्यौपानेको अध्यक्षतामा भएको कार्यक्रममा सरोकारबालाहरुले रोगको लक्षण र समाधानबारे जिज्ञासा राखेका थिए।

कार्यक्रममा एब्लुएचओका प्रतिनिधिहरुले यो रोगबारे प्रस्तुतीकरण गर्दै गएको ५० वर्षमा कयौ नेपालीले यो रोगबाट पीडित भएर दृष्टि गुमाउनुपरेको बताए।

यो रोग प्रायः मनसुन समाप्त भएपछि (साउन-भदौ) सुरु भई हिउँद (मङ्सिर-पुस) महिनामा उच्च स्तरमा पुग्ने गरेको छ। प्रायः बालबालिकाको एक आँखामा मात्र असर पार्ने, छिटो प्रगतिशील र स्थायी अन्धोपन ल्याउने रोग रहेको विज्ञहरुले बताए। प्रभावित दुई तिहाइ बिरामीहरू पहिलो सम्पर्कमै अन्धा हुन्छन् र बाँकी छिट्टै सुक्खा, विकृत आँखामा परिणत हुन्छन्। अचानक सुरु हुने, एकतर्फी, दुखाइरहित रातो आँखामा डिस्चार्ज बिना सेतो पुतलीभैं प्रतिबिम्ब देखिनु यो रोगको लक्षण छ।

# १४ वटा मुद्दाका दोषी मिजार पक्राउ



काठमाण्डु । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोले बैंकिङ कसुरका विभिन्न १४ मुद्दामा दोषी ठहर भई फरार रहेका एक व्यक्तिलाई पक्राउ गरेको छ।

ब्यूरोले मंगलबार एक विवरण सार्वजनकि गर्दै बैंकिङ कसूर मुद्दामा देवीचन्द्र जोशीसमेत जाहेरीले वादी नेपाल सरकार भएको मुद्दाका फरार काठमाडौंको बूढानीलकण्ठ नगरपालिका ०५ का ४७ वर्षीय राजु मिजारलाई पक्राउ गरेको हो।

ब्यूरोका सहप्रवक्ता प्रहरी उपरीक्षक योगेन्द्रकुमार खड्काले मिजार काठमाण्डु जिल्ला अदालतबाट विभिन्न मितिमा भएका बैंकिङ कसूर (१२) र चेक अनादर (२) गरी जम्मा १४ वटा मुद्दामा दोषी भई फरार रहेका व्यक्ति भएका बताउनुभयो।

ती मुद्दामा फैसला भइ २ करोड ५८ लाख ६२ हजार रुपैयाँ बिगो कागम भएको उहाँले बताउनुभयो। उनलाई अदालतले बिगो बमोजिन हुन आएको जरिवाना ४३ लाख २३ हजार तथा क्षतिपुर्ति रकम रु १ लाख ७२ हजार ९४१ र ९० दिन कैद सजाय कायम गरेको थियो।

त्यसपछिफराररहेकामिजारलाई खोजतलासका लागि खटिएको ब्यूरोको टोलीले यही जेठ २५ गते काठमाण्डुमहानगरपालिका ४ धुम्बाराहीबाट पक्राउ गरेको थियो । उनलाई आज फैसला कार्यान्वयनका लागि काठमाण्डु जिल्ला अदालतमा उपस्थित गराइएको पनि सहप्रवक्ता खड्काले बताउनुभयो। रासस

# मन्त्रिपरिषद् बैठक : निजामती सेवा (सोह्रौं संशोधन) नियमावली, २०८३ स्वीकृत



काठमाण्डु । सरकारले निजामती सेवा (सोह्रौं संशोधन) नियमावली, २०८३ स्वीकृत गरेको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा आज बसेको मन्त्रिपरिषद्को बैठकले नेपाल रेडक्रस सोसाइटीको नेतृत्व तथा व्यवस्थापनलाई व्यवस्थित गर्न विशालकुमार भण्डारीको अध्यक्षतामा नौ सदस्यीय तदर्थ समिति गठन गर्ने निर्णय गरेको सरकारका प्रवक्ता एवं शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले सञ्चारकर्मीलाई जानकारी दिनुभयो।

मन्त्रिपरिषद्को बैठकले चारवटा जलविद्युत् आयोजनालाई राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न स्वीकृति प्रदान गरेको छ । स्वीकृतिप्राप्त गर्ने आयोजनामा तल्लो अरुण जलविद्युत् आयोजना, लोवर न्यादी खोला जलविद्युत् आयोजना, घुन्सा खोला जलविद्युत् आयोजना तथा तादी खोला जलविद्युत् आयोजना रहेका छन् । त्यस्तै, पूर्वगृहमन्त्री तथा प्रतिनिधिसभा सदस्य सुधन गुरुङको सम्बन्धमा अध्ययन तथा छानबिन गर्न गठित समितिले पेस गरेको प्रतिवेदन मन्त्रिपरिषद्ले ग्रहण गर्ने बैठकले निर्णय गरेको प्रवक्ता पोखरेलले जानकारी दिनुभयो। रासस

# नियमित कार्यसूचीमा प्रवेश नगरी प्रतिनिधिसभा बैठक स्थगित

काठमाण्डु । प्रमुख प्रतिपक्षी दललगायतका विपक्षी दलहरूको विरोधका कारण प्रतिनिधिसभाको आजको बैठक नियमित कार्यसूचीमा प्रवेश नै नगरी स्थगित भएको छ।

बैठकमा विपक्षी दलहरूले नेपाल-भारत सीमाका सम्बन्धमा प्रधानमन्त्रीले दिनुभएको धारणाको सम्बन्धमा जवाफ माग गर्दै अवरोध गरेका थिए । सभामुख डोलप्रसाद अर्यालले पटक-पटक आसनग्रहण गरी बैठक सञ्चालनमा सहजीकरण गर्न विपक्षी दललाई आग्रह गर्नुभयो । सभामुखको सो आग्रहलाई विपक्षी दलहरूले अस्वीकार गर्दै विरोध जारी राखे।

त्यसपछि सभामुख अर्यालले बैठक बुधबार बिहान ११:०० बजे बस्नेगरी स्थगित भएको जानकारी गराउनुभयो । आजको बैठकमा सभामुख अर्यालले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त कार्यभार थपसम्बन्धी पत्रको व्यहोरा पढेर सुनाउनुहुने कार्यसूची थियो।

त्यस्तै, सभामुख अर्यालले कार्यव्यवस्था परामर्श समितिमा सदस्यहरूको नाम मनोनय गरेको व्यहोरा जानकारी गराउनुका साथै 'वैकल्पिक विकास वित्त परिचालन विधेयक, २०८२' राष्ट्रियसभाबाट अवधिभित्र फिर्ता नभएको जानकारी गराउनुहुने कार्यक्रम थियो।



यस्तै, अर्थमन्त्री डा स्वर्णिम वाग्लेले वक्तव्यसहित आर्थिक वर्ष २०८३/८४ को राजस्व र व्ययको वार्षिक अनुमानमाथि सामान्य छलफल प्रारम्भ गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने कार्यसूची थियो।

साथै आव २०८३/८४ को राजस्व र व्ययको वार्षिक अनुमानमाथि सामान्य छलफल प्रारम्भ हुने र अर्थमन्त्री डा वाग्लेले छलफलका क्रममा उठेका प्रश्नहरूको जवाफ दिनुहुने कार्यसूची थियो।

त्यसैगरी, 'राष्ट्र ऋण उठाउने विधेयक, २०८३', 'नेपाल राष्ट्र बैंक(तेस्रो संशोधन) विधेयक, २०८३' प्रस्तुत गर्नुहुने छ। रासस


## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

**मेष :** सफलता सुनिश्चित हुनेछ । लगानी लाभदायक बन्नेछ ।
**वृष :** पुराना आकांक्षा पुरा हुने समय आएको छ । मिहिनेतको कदर हुनेछ ।
**मिथुन :** सकारात्मक सोच र पहलले अपेक्षित सफलता दिनेछ ।
**कर्कट :** अवरोध देखिए पनि धैर्यपूर्वक अघि बढ्दा उपलब्धि हासिल गर्न सकिनेछ ।
**सिंह :** पारिवारिक सहयोग र सहकार्य प्राप्त हुनेछ । यात्राको योजना बन्न सक्छ ।
**कन्या :** परिक्षा तथा प्रतिस्पर्धामा सफलता प्राप्त हुने संकेत छ ।
**तुला :** आकांक्षा सन्तुलित राख्दा लाभ हुनेछ। आत्मविश्वासमा वृद्धि हुनेछ ।
**वृश्चिक :** आर्थिक योजना र पारिवारिक सहकार्यमा ध्यान दिनु उपयुक्त हुनेछ।
**धनु :** सहकार्य र धैर्यले समस्या समाधान हुनेछ।
**मकर :** नयाँ काम थाल्न उपयुक्त समय हो ।
**कुम्भः** काम र परिवारबीच सन्तुलन कायम गर्न सकिनेछ ।
**मीन:** व्यावसायिक सम्बन्धमा सावधानी अपनाउनु बुद्धिमानी हुनेछ ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्श लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन


| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# राहुघाटको २२० केभी क्षमताको 'स्विचयार्ड' सञ्चालनमा

म्याग्दी । म्याग्दीको रघुगंगा गाउँपालिका-३ तिल्केनीचौरमा २२० केभी क्षमताको 'स्विचयार्ड' सञ्चालनमा आएको छ । स्विचयार्डका उपकरणले विद्युत्गृहमा जेनेरेटरबाट उत्पादन भएको ऊर्जालाई प्राप्त गर्ने र प्रसारण लाइनमा आपूर्ति गराउँछ ।



नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी रघुगंगा हाइड्रोपावरद्वारा निर्माणाधीन ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजनाको 'स्विचयार्ड' मार्फत राहुघाट कोरिडोरमा निर्माण भएका चार वटा आयोजनाका १२७ दशमलव आठ मेगावाट विद्युत् राष्ट्रिय प्रशारण लाइनमा जोडिएको हो ।

राहुघाट जलविद्युत् आयोजनाका प्रमुख राजबहादुर बिष्टले स्विचयार्डमा जडान भएका उपकरणको परीक्षण सफल भएपछि सोमबारदेखि राष्ट्रिय प्रणालीमा आवद्ध गरिएको जानकारी दिनुभयो ।

"राहुघाट कोरिडोरका चार वटा आयोजनाबाट आउने र राहुघाटको विद्युत्गृहबाट उत्पादन हुने विद्युत् हाम्रो स्विचयार्डबाट २२० केभी क्षमताको कालीगण्डकी कोरिडोरमा 'लिलो' (लुप इन, लुप आउट) माध्यमबाट जोड्ने संरचना तयार र उपकरण जडान भएको छ," उहाँले भन्नुभयो, "४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजनाको परीक्षण उत्पादनको तयारीमा जुटेका छौँ ।"

राहुघाट जलविद्युत् आयोजनाको सिभिल महाशाखा प्रमुख रविन कट्टेलले एआइएस (एयर इन्सुलेटेड) प्रविधिको स्विचयार्ड निर्माण गरिएको बताउनुभयो । राहुघाटका हाइड्रोमेकानिकल ठेकेदार भारत हेवी इलेक्ट्रिकल्स (भेल)ले स्विचयार्ड बनाएको हो । चार वटा प्रसारण लाइनको टावर निर्माण भइसकेको छ ।

हाल ३५ दशमलव पाँच मेगावाट क्षमताको चिमखोला-मङ्गले-राहुघाट, ४८ दशमलव पाँच मेगावाट क्षमताको अपर राहुघाट, २१ दशमलव तीन मेगावाट क्षमताको ठूलोखोला र २२ दशमलव पाँच मेगावाटको माथिल्लो ठूलोखोला जलविद्युत् आयोजनाको विद्युत् राहुघाटको स्विचयार्ड हुँदै केन्द्रिय प्रणालीमा आवद्ध भएको छ ।

निर्माणको अन्तिम चरणमा पुगेको राहुघाट जलविद्युत् आयोजनाबाट उत्पादन हुने विद्युत् पनि यही स्विचयार्ड र प्रशाण लाइनबाट केन्द्रिय प्रणालीमा आवद्ध हुनेछन् । सुरुङ, बाँध र विद्युत्गृहको भौतिक संरचना निर्माण, उपकरण जडान अन्तिम चरणमा पुगेको आयोजना परिक्षण उत्पादनको तयारीमा जुटेको रघुगङ्गा हाइड्रोपावरका प्रबन्ध सञ्चालक गणेश केसीले जानकारी दिनुभयो ।

भारतीय सिभिल ठेकेदार कम्पनी जयप्रकाश एसोशियट्स (जेपी)ले ४५ महिनामा सम्पन्न गर्ने लक्ष्य सहित २०१७ नोभेम्बर १७ (२०७४ मङ्सिर ६ गते) रु छ अर्बमा ठेक्का सम्झौता गरेको थियो । सन् २०२२ फेब्रुअरीमा पहिलो, सन् २०२२ फेब्रुअरीमा दोस्रो र २०२५ नोबेम्बर सम्मका लागि तेस्रो पटक म्याद थपिएको थियो ।रासस

# नागरिकको अपेक्षा पूरा गर्न हामी प्रतिबद्ध : रास्वपा महामन्त्री बुर्लाकोटी

बागमती । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का महामन्त्री कबिन्द्र बुर्लाकोटीले देशमा सुशासन, पारदर्शिता र जनउत्तरदायी राजनीतिक संस्कृतिको विकास गर्दै नागरिकको अपेक्षा पूरा गर्न रास्वपा पार्टी प्रतिबद्ध रहेको बताउनुभएको छ ।

मकवानपुरको हेटौँडामा आजदेखि सुरु भएको रास्वपाको बागमती प्रदेश अधिवेशनको उद्धाटन गर्नुहुँदै महामन्त्री बुर्लाकोटीले जनताको पक्षमा चयन महत्वपूर्ण हुने विश्वास व्यक्त गर्नुभयो ।

रास्वपा बागमती प्रदेश समितिका सभापति डा अच्युतम लामिछानेको अध्यक्षतामा आयोजित उद्धाटन कार्यक्रममा महामन्त्री बुर्लाकोटीले घण्टी बजाएर अधिवेशनको उद्धाटन गर्नुभएको थियो ।

उद्‌घाटन कार्यक्रममा रास्वपा संसदीय दलका उपनेता गणेश पराजुली, प्रतिनिधिसभाका सदस्य जगदीश खरेल, खगेन्द्र सुनार, डा तोसिमा



निरन्तर आवाज उठाउँदै फरक राजनीतिक संस्कार स्थापित गर्ने उद्देश्यका साथ अगाडि बढ्नुपर्ने बताउनुभयो ।

महामन्त्री बुर्लाकोटीले मुलुक निर्माणका लागि प्रतिस्पर्धात्मक लोकतान्त्रिक अभ्यास आवश्यक रहेको तर्क गर्दै पार्टीमा निर्माण प्रक्रियामा खुला प्रतिस्पर्धा, विचारको बहस र योग्य नेतृत्वको कार्कीलगायत प्रतिनिधिसभा सदस्य तथा केन्द्रीय नेताको सहभागिता थियो ।

हेटौँडास्थित हिमालय दरबारमा सुरु भएको अधिवेशनले प्रदेश समितिको नयाँ नेतृत्व चयन गर्नेछ । अधिवेशनमा बागमती प्रदेशका १३ जिल्लाबाट एक हजार ४०० प्रतिनिधिको सहभागिता थियो ।

# थप रणनीति बनाउन सिंहदरबारमा जुटे विपक्षी दल



**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसले विपक्षी दलको बैठक बसेको छ ।

प्रतिनिधि सभा बैठक स्थगित भएलगत्तै कांग्रेसले सिंहदरबारस्थित संसदीय दलको कार्यालयमा विपक्षी दलको बैठक राखेको हो ।

बैठक अहिले जारी नै रहेको जनाइएको छ । आफूहरूले राखेको माग सम्बोधन गर्न सरकारले वेवास्ता गरेपछि थप रणनीति बनाउन कांग्रेसले बैठक राखेको छ । विपक्षी दलले प्रधानमन्त्रीको सीमासम्बन्धी विवादित अभिव्यक्ति संसद्को रेकर्डबाट हटाउनुपर्ने र प्रधानमन्त्रीले सदनमा उपस्थित भएर माफी माग्नुपर्ने अडान राखेको छन् ।

तर, प्रधानमन्त्री बालेन शाह विपक्षीको मागअनुसार सदनमा आउन तयार छैनन्। हिजो रास्वपा सभापति रवि लामिछानेले विपक्षी दलसँग संवादबाट सहमतिको प्रयास खोजेपनि कुरा मिल्न सकेको छैन ।

सभामुखले बुधबार बिहान ११ बजेसम्मको लागि प्रतिनिधि सभा बैठक स्थगित गरेका छन् ।

कांग्रेसले राखेको जारी बैठकमा संसदीय दलका नेता भीष्मराज आङदेम्बे, प्रमुख सचेतक वासना थापा, सचेतक निश्कल राई, एमालेबाट संसदीय दलका नेता रामबहादुर थापा बादल, उपनेता पद्मा अर्याल र प्रमुख सचेतक ऐन महर सहभागी छन् ।

यस्तै नेकपाबाट वर्षमान पुन, राप्रपाबाट खुश्बु ओलीलगायत नेताहरू सहभागी छन् ।

# पुरस्कार र दण्डको नीतिलाई कडाईका साथ लागु गर्न महानिरीक्षकको निर्देशन

काठमाण्डु । सशस्त्र प्रहरी महानिरीक्षक नारायणदत्त पौडेलले सशस्त्र प्रहरी कर्मचारीमा पुरस्कार र दण्डको नीतिलाई कडाईका साथ लागु गर्दै राष्ट्र, सङ्गठन र आमजनताको अपेक्षाअनुसार कार्यक्षेत्रमा खटिन निर्देशन दिनुभएको छ ।



सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालयमा आज महानिरीक्षक पौडेलले सशस्त्र प्रहरी बल नेपालका विभिन्न युनिटको कमाण्डमा खटी जान लागेका अधिकृतलाई प्रत्यक्ष र भर्चुअल माध्यमबाट सो निर्देशन दिनुभएको हो ।

उहाँले आफू मातहत कर्मचारीको मनोबल उच्च राखी, समयमै समस्या र आवश्यकतालाई पहिचान गर्दै तल्लो तहसम्म प्रत्यक्ष सम्पर्कमा रहेर कार्य गर्नुपर्ने बताउँदै मातहत कर्मचारीका गुनासालाई चेन अफ कमाण्डमा ल्याउन निर्देशन दिनुभयो ।

सशस्त्र प्रहरी महानिरीक्षक पौडेलले फिल्डमा खटिने सशस्त्र प्रहरी कर्मचारीले नतिजामुखी कार्य गर्न सकियो भने राष्ट्र र सङ्गठनको नाम उच्च रहने मात्र नभई कमाण्डर र तल्लो तहसँगको सामिप्यता बढ्नुपर्नेमा जोड दिनुभयो ।

सशस्त्र प्रहरी महानिरीक्षक पौडेलले कार्यक्षेत्रमा खटिने सशस्त्र प्रहरी कर्मचारीहरू सस्तो लोकप्रियता र मिडियाबाजीमा ध्यान नदिई नयाँ जोस र उर्जाका साथ आफ्नो जिम्मेवारी र कर्तव्यलाई निर्धक्कका भए। कर्तव्य निर्वाह गर्न पनि आग्रह गर्नुभएको छ।

उहाँले राजश्व चुहावट नियन्त्रण तथा सीमा क्षेत्रमा हुने अवैध चोरीतस्करीविरुद्ध कडा रूपमा प्रस्तुत भई नेपाल सरकारबाट प्रतिबन्धित वस्तुहरू सीमाबाट भित्रन नदिन सशस्त्र प्रहरी कर्मचारीहरू थप सक्रियकाताका साथ लाग्नुपर्ने बताउनुभयो । रासस

# बिरुवा बेचेर वार्षिक ३० लाख कमाउँदै बाङदेल

फिक्कल । इलामको माङसेबुङ गाउँपालिका-२ इभाङका किसान राजेशकुमार बाङदेलको अधिकांश समय नर्सरीमै बित्ने गरेको छ । बिहानदेखि साँझसम्म उहाँ नर्सरीका बिरुवाको स्याहारसुसार, मलजल गर्ने, ग्राहकको माग व्यवस्थापन तथा बिरुवा बिक्रीवितरणमै व्यस्त हुनुहुन्छ ।

उहाँले १० वर्षअघि स्थापना गर्नुभएको 'बाङदेल नर्सरी सेन्टर' आज जिल्लास्तरमा गुणस्तरीय बिरुवा उत्पादन तथा बिक्रीका लागि परिचित बन्दै गएको छ । यही नर्सरी व्यवसायबाट उहाँले राम्रो आम्दानी गर्दै आत्मनिर्भर किसानको उदाहरण प्रस्तुत गर्नुभएको छ ।

उहाँले विभिन्न प्रजातिका बिरुवा बिक्री गरेर वार्षिक करिब रु ३० लाख आम्दानी गर्दै आउनुभएको छ । विगत १० वर्षदेखि बिरुवा उत्पादन तथा बिक्रीवितरण गर्दै आउनुभएका बाङदेलले कफीसहित विभिन्न वन तथा फलफूलजन्य प्रजातिका बिरुवा उत्पादन गर्दै आउनुभएको छ । गुणस्तरीय बिरुवा उत्पादन र व्यावसायिक नर्सरी सञ्चालनमार्फत उहाँ जिल्लाकै सफल तथा नमूना बिरुवा उत्पादक किसानको रूपमा परिचित बन्नुभएको छ ।

स्थानीय फेवाखोला नजिकै गजुर मुखी-इभाङ-चतुरे सडकको छेउमा पाँच रोपनी जग्गामा उहाँले बिरुवा उत्पादनका लागि नर्सरी स्थापन गर्नुभएको छ । उहाँको



नर्सरीमा कफीसहित वनजन्य लाम्पाते, सिमल, पानीसाज, खयर, खमारी, रुद्राक्ष एवं फलफूलजन्य एभोकार्डो, कागती, आँप, लिचीलगायतको बिरुवा उत्पादन हुँदै आएको छ ।

उहाँले सबैभन्दा धेरै कफी र लाम्पातेको बिरुवा उत्पादन गर्दै आउनुभएको छ । उहाँले टनेलभित्र कफी र लाम्पातेको बिरुवा ३०-३० हजार बोट, पानीसाज र खमारीको बिरुवा १०-१० हजार बोट, सिमल, खयर र रुद्राक्षको बिरुवा दुई-दुई हजार बोट तथा आँप, लिची, एभोकाडो र कागतीको बिरुवा एक-एक हजार बोट उत्पादन गरी बिक्री गर्दै आउनुभएको छ ।

उहाँका अनुसार कफीको बिरुवा जमिनको प्रतिगोटा रु २० का दरले र पोलिब्यागको प्रतिगोटा रु २५ का दरले नर्सरीबाटै बिक्री भइरहेको छ । अन्य वन तथा फलफूलजनन्य बिरुवा सबै प्रतिगोटा रु ४० का दरले नर्सरीबाटै बिक्री हुने गरेको छ।

सिजनमा बिरुवा लिन नर्सरीमै आउनेको घुइँचो लाग्ने गरेको उहाँले बताउनुहुन्छ । "कफीसहित वन तथा फलफूलजन्य बिरुवा बिक्रीबाट वार्षिक रु ३० लाख आम्दानी हुँदै आएको छ", उहाँले बताउनुभयो, "अहिले धान्न नसकिनेगरी बिरुवाको माग आउन थालेको छ, यहाँ उत्पादित बिरुवा इलामसहित तथा बाहिरका समेत जाने गरेको छ ।"

बिरुवा इलामका विभिन्न पालिका, वडा कार्यालय, फार्म र किसानहरूले खरिद गरी लैजाने गरेको उहाँको भनाइ छ । त्यस्तै पूर्वका पाँचथर, खोटाङ, सङ्खुवासभा, भोजपुरदेखि पश्चिम पाल्पा तथा छिमेकी मुलुक भारतको सिक्किमसम्म लैजाने गरेको उहाँले बताउनुभयो । बिरुवा विभिन्न पालिका, वडा कार्यालय, फार्म र किसानले खरिद गरी लैजाने गरेको उहाँको भनाइ छ । उहाँको नर्सरी सेन्टरबाट आफू त स्वरोजगार बन्नुभएकै छ, स्थानीय १० जनाले दैनिक ज्यालादारीमा रोजगार ।समेत पाएका छन् । 'नर्सरी सेन्टरमा म आफैँ खट्ने गरेको छु, त्यसबाहेक १० जनालाई दैनिक ज्यालादारीमा रोजगारी दिएको छु", उहाँले भन्नुभयो, "आफू स्वरोजगार भइ अरुलाई समेत रोजगारी दिन पाउँदा आनन्द लाग्दोरहेछ ।"

उहाँले पैसा कमाउन विदेश नै गइराख्नु पर्दैन भन्ने सन्देश दिन आफूले गाउँमै बसेर बिरुवा उत्पादन सुरु गरेको बताउनुहुन्छ। "बेरोजगार युवाहरू विदेशिने क्रम रोक्न र गाउँघरमा नै बसेर भए पनि स्वरोजगार बन्न सकिन्छ भन्ने सन्देश दिन व्यावसियक रूपमा बिरुवा उत्पादन सुरु गरेको हुँ", बाङदेल भन्नुहुन्छ, "निरन्तरता दिएर नवीनतम ढङ्गबाट काम गर्ने हो भने गाउँघरमा नै मज्जाले कमाइ गर्न सकिन्छ। म आफ्नो व्यवसायबाट सन्तुष्ट छु।"

कम समय, श्रम र पैसामा धेरै उत्पादन र आम्दानी गर्न सकिने भएकाले बिरुवा उत्पादनमा जोड दिएको उहाँको भनाइ छ। कफी र लाम्पातेलाई प्राथमिकतामा राखेर धेरैभन्दा धेरै बिरुवा उत्पादन गर्ने लक्ष्यका साथ नर्सरी विस्तार गर्ने योजनामा रहेको उहाँले बताउनुभयो । छोटो समयमा धेरै आम्दानी गर्न सकिने भएकाले बिरुवा उत्पादन व्यवसायलाई नै निरन्तरता दिने उहाँको भनाइ छ। रासस

# अतिक्रमित संरचना हटाइयो

गण्डकी । सरकारी जग्गा अतिक्रमण गरेर बनाइएका संरचना हटाइएपछि पोखरा महानगरपालिका-९ पृथ्वीचोकदेखि हडकङ बजार, ट्राफिक प्रहरी कार्यालय हुँदै नयाँबजार जोड्ने सडक चौडा भएको छ। पोखरा उपत्यका नगर विकास समितिको स्वामित्वमा रहेको जग्गा अतिक्रमण गरेर विभिन्न सङ्घसंस्थाले निर्माण गरेका भवनमा यही जेठ १८ गते महानगरपालिकाले डोजर चलाएको थियो। हडकङ बजारको पूर्वपट्टी रहेका संरचना भत्काइपछि सो क्षेत्रको सडक खुला र फराकिलो बनेको हो । महानगर प्रमुख धनराज आचार्यले उक्त सडकलाई दुई लेनमा विस्तार तथा स्तरोन्नति गरिने बताउनुभयो। उक्त सडक निर्माणपछि पृथ्वीचोकको ट्राफिक व्यवस्थापन सहज हुने उहाँको भनाइ छ । महानगरले पूर्वसूचना गरेर त्यस क्षेत्रमा बनेका अनधिकृत संरचना हटाएको थियो । विभिन्न दलगत सङ्गठनदेखि विभिन्न सामाजिक सङ्घसंस्थाले उक्त सरकारी जग्गामा भवन बनाई वर्षौंदेखि भाडासमेत असुल्दै आएका थिए। महानगरले अतिक्रमित संरचना हटाउने पूर्वसूचना गरेपछि सङ्घसंस्था र व्यवसायीले भवन तथा सटर आफै खाली गरेका थिए । पोखरा-९ का वडाध्यक्ष दीपेन्द्र मर्सानीले दुई लेन सडक निर्माणका लागि बजेटसमेत सुनिश्चित भइसकेको बताउनुभयो।



सडक मापदण्डभित्रका अस्थायी संरचना हटाउन खाद्य संस्थान र नेशनल ट्रेडिङलाईसमेत पत्रचार गरिसकिएको उहाँको भनाइ छ । "उपत्यका नगर विकास समितिको जग्गा खाली भइसकेको छ, सडक मापदण्ड अनुसार रेखाङ्कन पनि भइसकेको छ", वडाध्यक्ष मर्सानीले भन्नुभयो, "त्यहाँ रहेका अन्य सरकारी कार्यालयहरूलाई पनि सडक मापदण्ड कायम गराउन महानगरबाट पत्राचार गरिएको छ।"

उक्त सडक बनेपछि पृथ्वीचोक र बसपार्क क्षेत्रको सवारी चाप कम हुनुका साथै ट्राफिक व्यवस्थापनमा सहजता हुने उहाँले बताउनुभयो । अव्यवस्थित भवन र साँघुरो सडकका कारण त्यस क्षेत्रको आवागमन प्रभावित हुँदै आएको थियो। वडाध्यक्ष मर्सानीले बसपार्क क्षेत्रका अनधिकृत संरचना पनि हटाउन प्रकृया सुरु भइसकेको बताउनुभयो । सडक मापदण्ड कायम गर्न प्राविधिक नापजाँचसमेत भइसकेको उहाँको भनाइ छ।

बसपार्कको जग्गा मिचेर बनाइएका पसल कबललगायत सबै संरचना हटाउन महानगरपालिका र पोखरा उपत्यका नगर विकास समितिले यसअघि नै सार्वजनिक सूचना जारी गरिसकेको छ । नगर विकास समितिले पोखरा घरदेखि सेती पुलसम्म, पृथ्वी राजमार्गदेखि दक्षिण, विमानस्थलदेखि उत्तर र पूर्वमा सेती नदी क्षेत्रमा निर्माण गरिएका पसल कबललगायत संरचना हटाई पोखरा बसपार्क निर्माणको प्रकृयामा सघाउन सूचित गरेको हो ।

नगर विकास समितिको स्वामित्वमा रहेको बसपार्कको जग्गामा स्थानीयवासी, सुकुम्बासी, भूमिहीन दलित र अव्यवस्थित बसोबासीहरू रहेका छन् । आधुनिक सुविधासम्पन्न बसपार्क बनाउन विसं २०३२ मा दुई सय पाँच रोपनी जग्गा अधिग्रहण गरिएको थियो । बसपार्कका लागि अधिग्रहण गरिएको जग्गा अतिक्रमणमा पर्दै गएर अहिले करिब ६० रोपनी क्षेत्रफल मात्र बाँकी छ। रासस

# बीमाले तोकेको भन्दा औषधिको बजार मूल्यमा ठूलो अन्तर

चितवन । ग्यास्टिक हुँदा खाने प्यान्टाप्राजोल औषधि बजारमा प्रतिट्याबलेट आठ रुपियाँमा पाइन्छ। त्यही औषधि भरतपुर अस्पतालले रु १.१२ मा बिक्री गर्छ सोही औषधि स्वास्थ्य बिमा बोर्डले रु १.५६ मा बिक्री मूल्य तोकेको छ । सरसर्ती हेर्दा औषधि उत्पादकबाट उपभोक्तासम्म आइपुग्दाका बीचमा नाफा कति होला !

भरतपुर अस्पतालले बोलपत्रबाट खरिद गर्दाको मूल्यमा २० प्रतिशत नाफा थप गरेर बिक्री गर्दा यो मूल्य आएको हो। यसरी हेर्दा भरतपुर अस्पतालले खरिद गरेको मूल्य र औषधिको एमआरपी (खुद्रा मूल्य) हेर्दा आठ गुणभन्दा बढी फरक परेको छ।



उक्त औषधि मात्रै होइन, प्रोस्टेटका बिरामीले प्रयोग गर्ने सिलोडोसिन ८ एमजीको बजार मूल्य रु ३५ प्रतिट्याबलेट पर्ने औषधि स्वास्थ्य बिमाले रु सात तोकेको छ । अस्पतालले बिमाबाहेककालाई रु ७.१५ मा कोलेस्ट्रोलका लागि प्रयोग हुने रोजोभास्टिन २० एमजीको खुद्रा मूल्य रु ३८ छ भने स्वास्थ्य बिमाले रु ३.३८ र भरतपुर अस्पतालले त्यही औषधि रु १.७२ मा कलेजोका औषधि युविलिक ३०० एमजी बजार मूल्य रु ४० छ भने स्वास्थ्य बिमाले रु ४.०५ र भरतपुर अस्पतालले ११.२६ मा बिक्री गर्छ।

दम हुँदा तान्ने सेरिडिल २५० को रोटा क्यापको बजार मूल्य प्रतिबट्टा रु ६०८ छ भने स्वास्थ्य बिमाको रु ३२३.४० र भरतपुर अस्पतालको ३७७.९० रहेको छ । मधुमेहका बिरामीले खाने इन्फाग्लिप्टिन २५ एमजीको बजार मूल्य रु ३०, स्वास्थ्य बिमाको रु.१०.५० र भरतपुर अस्पतालको १६.९५ छ।


अर्को भिटामिन बि १२ का लागि प्रयोग हुने मिथायल कोवालामिन १५०० एमजीको बजार मूल्य रु १९.८०, स्वास्थ्य बिमा बोर्डले रु २.७० र भरतपुर अस्पतालले रु १०.५३ मा बिक्री गर्दै आएको छ।

भरतपुर अस्पतालका मेडिकल सुपरिटेण्डेण्ट डा विश्ववन्धु बगाले बिमाको दररेटमा कतिपय औषधि बिक्री गर्न कठिन हुने बताउनुहुन्छ । बोलपत्रमार्फत खरिद गरेको मूल्यमा २० प्रतिशत नाफा जोडेर हुने मूल्य वा बिमाले तोकेको मूल्य जुन सस्तो छ बिमाका बिरामीका लागि सोही आधारमा औषधि बिक्री गर्ने गरेको उहाँले बताउनुभयो ।

बगालेले आफू आए लगत्तै खरिद मूल्यमा २० प्रतिशतभन्दा बढी नहुने गरी दररेट निर्धारण गरेको हुँदा कतिपय औषधिमा बिमाले तोकेकोभन्दा सस्तो दररेटमा औषधि बिक्री गर्न कठिन हुने बताउनुभयो ।

नेपाल औषधि उत्पादक सङ्घ (एपोन) का महासचिव सन्तोष बराल बजार मूल्यको आधारभन्दा सस्तोमा औषधि बिक्री गर्दा नोक्सान हुने बताउनुहुन्छ ।

औषधि उत्पादकले थोक बिक्रेतालाई र थोक बिक्रेताले खुद्रा बिक्रेतालाई औषधि बिक्री गर्दछन् । उत्पादक कम्पनीले धेरै मिहिनेत गर्ने हुँदा लागत मूल्य निकै कम हुने औषधिको बजार मूल्य धेरै महँगो हुने गरेको गुनासो आउने गर्दछ। रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# लुम्बिनीमा गलत थालनी

लुम्बिनी प्रदेशमा नेपाली कांग्रेस र नेकपा एमालेको संयुक्त सरकार छ । मुख्यमन्त्री चेतनारायण आचार्यले जनता समाजवादी पार्टी(जसपा) नेपालका सांसद भण्डारीलाल अहिरलाई आन्तरिक मामिला तथा कानुन मन्त्री नियुक्त गरेका छन् । भण्डारीलाललाई मन्त्री बनाउँदा सरकारमा जाने नजाने सहमति जसपा नेपालले गर्ने विषय हो । गठबन्धन दलले सत्ता साझेदारीको विषयमा जसपा नेपालसित सहमति गरेपछि मात्र भण्डारीलाललाई मन्त्री बनाउनु पर्ने हो । तर मुख्यमन्त्री आचार्यले उनलाई पार्टीको सहमति बेगर नै मन्त्री बनाएको आरोप जसपा नेपालले लगाएको छ । भण्डारीलाललाई सरकारमा सहभागी गराएपछि जसपा नेपालले त्यसको विरोध गरेको छ । लोकतान्त्रिक मुल्य र मान्यता विरुद्ध मुख्यमन्त्री आचार्यले गरेको निर्णयलाई सच्याउन जसपा नेपालले माग गरेको छ । जसपा नेपालले सहमति बेगर पार्टीका सांसदलाई सरकारमा समावेश गराएर कानुन र संविधानको समेत बर्खिलाप कार्य गरेको बताएको छ । सर्वोच्च अदालतले गत हप्ता जसपा नेपाल पार्टी विभाजन सम्बन्धी मुद्दामा विभाजनलाई अवैध ठहर गरेको हो । अदालतले विभाजन पूर्व रहेको जसपा नेपाललाई नै कायम गरेको छ । त्यसकारण जसपा नेपालका सबै जनप्रतिनिधि पार्टीमा नै रहेको प्रष्ट भएको छ । पार्टी विभाजन भएर निर्वाचन आयोगले जनता समाजवादी पार्टी( जसपा) लाई मान्यता दिएको थियो । त्यस अनुसार नै केही स्थानीय तह, केही प्रदेशका जनप्रतिनिधि र केही संघीय संसदले जसपा नेपाल छाडेर जसपा तर्फ गएका थिए । तर अदालतले नै त्यो विभाजनलाई बदर गरिदिएपछि सबै जनप्रतिनिधि, पार्टीका पदाधिकारीहरु स्वतः पार्टीमा नै यथावत कायम भएको छ । भण्डारीलालले तत्कालीन समयमा जसपा रोजे पनि अदालतको आदेशपछि उनी स्वतःजसपा नेपालमा नै फर्केका छन् । कुनै प्रदेशमा सरकारमा सहभागी हुने नहुने निर्णय लोकतन्त्रमा पार्टीले गर्छ । जसपा नेपाल कांग्रेस, एमालेसित कुनै प्रदेशमा सत्ता सहकार्य नगर्ने मनस्थिति बनाएको छ । मधेश प्रदेशमा जसपा नेपाललाई कांग्रेस, एमाले र नेकपाले बाहिर राखेर सत्ता गठबन्धन गरेको छ । त्यसबाट जसपा नेपाल तीन दलीय गठबन्धनप्रति सकारात्मक देखिएको छैन । लुम्बिनी प्रदेशमा जसपा नेपालको सहमति बेगर नै प्रदेश सांसदलाई मन्त्री बनाएपछि झन् आक्रोशित देखिएको छ । सरकारबाट भण्डारीलाल अहिरलाई बर्खास्त नगरिए अदालत लगायत सम्बन्धित निकायहरुमा जाने चेतावनी समेत जसपा नेपालले दिएको छ । लोकतान्त्रिक मुल्य र मान्यता विपरीत कार्य गर्ने मुख्यमन्त्री आचार्यलाई गठबन्धनमा रहेका पार्टीका शीर्ष नेताहरुले सचेत गराउनु पर्ने देखिन्छ । यसले भविष्यमा खराब थिति बस्न सक्छ । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई संस्थागत गर्ने जिम्मेवारीमा रहेका नेताहरुले यस्ता कार्यहरु गर्न हुँदैन । यसले संसदीय व्यवस्थाप्रति नकारात्मक धारणा नागरिकमा बन्न जानेछ । लुम्बिनीमा भएको गलत थालनीलाई रोक्नु पर्छ ।

# बजेटमा बैंकिङ क्षेत्रः आशा छ, उत्साह छैन !



पवित्रा थपलिया

आधुनिक बैंकिङ प्रणाली विश्वमा करिब छ सय वर्षअघि विकसित भए पनि नेपालमा यसको शुरूआत वि.सं. १९९४ मा नेपाल बैंक स्थापना भएपछि मात्र भयो । बैंकिङ क्षेत्रको आधार जनविश्वास हो र यही विश्वासले बैंक तथा वित्तीय संस्थाहरूलाई अर्थतन्त्रको मुटु तथा समाजको भरोसायोग्य संस्थाका रूपमा स्थापित गरेको छ ।

नेपालमा आधुनिक बैंकको संस्थागत शुरूआत भएको करिब एक सय वर्ष पुग्न लाग्दा बैंक आर्थिक कोणबाट मात्र होइन, सामाजिक आयाम, विश्वासको भावना र नागरिकको कारोबार स्तरको वृद्धिसँग पनि जोडिएको देखिन्छ ।

बैंकहरू जनताका संस्था हुन्, अर्थतन्त्रका इन्जिन हुन् । तिनीहरूको सबलताको सुनिश्चितताबाट मात्र अर्थतन्त्र र राष्ट्रिय पूँजी निर्माण प्रभावकारी हुन्छ । यही भावनाबाट २०८३ जेठ १५ गते नेपाल सरकारले प्रस्तुत गरेको बजेट २०८३/८४ ले बैंकिङ क्षेत्रलाई कति उत्साहित बनायो भन्ने प्रश्न स्वाभाविक रूपमा उठेको छ ।

### पहुँचमा विस्ता ास्थ्यमा शंका

आर्थिक सर्वेक्षणका तथ्यांकले बैंकिङ क्षेत्रको पहुँच उल्लेखनीय रूपमा विस्तार भएको देखाउँछ । २०८२ फागुनसम्म बैंक तथा वित्तीय संस्थामा ६ करोड २० लाखभन्दा बढी निक्षेप खाता र २० लाख ४० हजारभन्दा बढी कर्जा खाता सञ्चालनमा रहेका छन् । मोबाइल बैंकिङ प्रयोगकर्ता २ करोड ९४ लाख तथा इन्टरनेट बैंकिङ प्रयोगर्ता २३ लाख ७४ हजार पुगेका छन् ।

यी तथ्याङ्कले वित्तीय पहुँच र डिजिटल बैंकिङको विस्तारलाई सकारात्मक संकेत गर्छन् । तर, बैंकिङ क्षेत्रको वास्तविक स्वास्थ्य केवल खाता संख्या र प्रविधि प्रयोगकर्ताको वृद्धिले मात्र मापन गर्न सकिँदैन । बैंकहरूको नाफा, कर्जा प्रवाह, कर्जा असुली, लगानी वातावरण र निजी क्षेत्रको आत्मविश्वास अझ महत्वपूर्ण सूचक हुन् ।

यही सन्दर्भमा आर्थिक सर्वेक्षणले देखाएको अर्को तथ्य चिन्ताजनक छ । फागुन मसान्तसम्म बैंक तथा वित्तीय संस्थाको औसत निष्क्रिय कर्जा ५.४२ प्रतिशत पुगेको छ । केही बैंकहरूमा यो अनुपात अझ उच्च रहेको अनुमान गरिन्छ । निष्क्रिय कर्जाको बढ्दो दरले बैंकहरूको नयाँ लगानी गर्ने क्षमता घटाउँछ, जोखिम बढाउँछ र अन्ततः सम्पूर्ण अर्थतन्त्रमा नकारात्मक प्रभाव पार्छ ।

अर्कोतर्फ, निक्षेप ६.६४ प्रतिशतले वृद्धि भई ७७ खर्ब ४५ अर्ब ८८ करोड रुपैयाँ पुगेको छ भने निजी क्षेत्रमा प्रवाहित कर्जा ५७ खर्ब ४१ अर्ब २४ करोड रुपैयाँ पुगेको छ । यसले बैंकिङ क्षेत्रले नागरिकको बचतलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्न कति ठूलो भूमिका खेलेको छ भन्ने स्पष्ट देखाउँछ ।

बैंक तथा वित्तीय संस्थामा रहेको कुल निक्षेपमध्ये ४४.१ प्रतिशत बचत खातामा र ४०.१ प्रतिशत मुद्दती खातामा रहेको छ ।

मुद्दती निक्षेपको यति ठूलो हिस्सा हुनुको अर्थ नागरिकहरू अझै पनि जोखिम लिएर लगानी गर्नुभन्दा बैंकमा पैसा राखेर ब्याज प्राप्त गर्न सुरक्षित महसुस गरिरहेका छन् ।

यो अवस्था बैंकहरूका लागि पर्याप्त स्रोत उपलब्ध भएको अवसर हो । तर लगानीकर्तामा आत्मविश्वास नहुँदा र निजी क्षेत्र विस्तार हुन नसक्दा बैंकमा रहेको ठूलो रकम उत्पादनशील क्षेत्रमा जान सकेको छैन । त्यसैले बैंकिङ क्षेत्रको समस्या अहिले स्रोतको अभाव होइन, लगानीको वातावरण र विश्वासको अभाव हो ।


कर्जाको संरचनाले पनि अर्थतन्त्रको कमजोरी उजागर गर्छ । कुल कर्जामध्ये उपभोग्य कर्जाको हिस्सा १६.१ प्रतिशत छ भने कृषि क्षेत्रतर्फ केवल ७ प्रतिशत कर्जा प्रवाह भएको छ । जबकि नेपालको कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान सबैभन्दा ठूलोमध्ये एक हो । यसले बैंकिङ लगानी र वास्तविक उत्पादन क्षेत्रबीच अझै ठूलो दूरी रहेको देखाउँछ ।

पालना र बलियो संयन्त्रले निर्माण गरेको मजबुत धरातल मूल कारण हो । यही कारणले बैंक केवल निजी कम्पनी हुँदैन; यो सार्वजनिक विश्वासको संरक्षक संस्था बन्छ ।

नियमन बलियो हुँदै जाँदा, पारदर्शिता बढ्दै जाँदा र संस्थागत उत्तरदायित्व स्थापित हुँदै जाँदा मानिसहरूले सरकारी बैंकभन्दा निजी बैंकहरूलाई अझ चुस्त, भरपर्दो र प्रभावकारी माने ।

बैंकका वास्तविक मालिक केवल प्रवर्द्धक होइनन्, आफ्नो बचत बैंकमा राख्ने लाखौं नागरिक पनि हुन् । त्यसैले पछिल्लो समयमा बैंकहरूको गतिशीलता धिमा हुँदै गएकाले यो अवस्थामा आएको बजेटमा बैंकिङ क्षेत्रसँगै आम नागरिकले पनि यो क्षेत्रको विश्वास र गति बढाउने कार्यक्रमलाई चासोकासाथ हेरिरहेका थिए ।

त्यसैले बजेटले बैंकिङ क्षेत्रको विश्वास, स्थायित्व र लगानीको वातावरण सुदृढ गर्न के कति योगदान पुऱ्यायो भन्ने विषयको समीक्षा आज आम



आर्थिक सर्वेक्षण अनुसार चालु आर्थिक वर्षमा नेपालको कुल गार्हस्थ उत्पादन ६६ खर्ब ९ अर्ब रुपैयाँ पुग्ने अनुमान गरिएको छ । यसमा ९० प्रतिशतभन्दा बढी हिस्सा उपभोगको रहेको उल्लेख गरिएको छ । अर्थशास्त्रको दृष्टिले उपभोगको अत्यधिक हिस्सा भएको अर्थतन्त्र दीर्घकालीन रूपमा उत्पादनमुखी बन्न सक्दैन । उपभोगको अनुपात घटाएर बचत र लगानी बढाउन सकिए मात्र उत्पादन, रोजगारी, उद्यमशीलता तथा गरिबी न्यूनीकरण सम्भव हुन्छ । यही प्रक्रियाको केन्द्रमा बैंक तथा वित्तीय संस्था रहन्छन् ।

यसर्थ, बजेटले बैंकिङ क्षेत्रलाई उत्साहित बनाउन सकेको छैन भने त्यो अर्थतन्त्रको समग्र स्वास्थ्यमा गम्भीर प्रश्न उठाउँछ । उपभोगको ९० प्रतिशत हिस्सा भएको अवस्थामा बचतको अनुपात घटाएर लगानीको वातावरण सुधार गर्न बैंकहरूको भूमिका अत्यन्त महत्वपूर्ण छ ।

### जनविश्वासको शक्ति

मानिसले आफ्नो जीवनभरको बचत, परिवारको भविष्य, व्यापारको सपना, घरजग्गाको धितो, सुनचाँदीका गरगहना र आर्थिक सुरक्षाको जिम्मा बैंकलाई सुम्पन्छ । धेरै अवस्थामा मानिसले आफ्ना आफन्तभन्दा बढी विश्वास बैंकमाथि गर्छ । यसको पछाडि कुनै व्यक्ति वा देशप्रति गरिएको विश्वासको कारण होइन, संस्थागत सबलता, विधिको

नागरिकका लागि पनि चासो र सरोकारको विषय बनेको छ ।

### घोषणामा आशा,कार्यान्वयनमा परीक्षा

बैंक तथा वित्तीय संस्था जस्ता जनसरोकार र जनविश्वाससँग प्रत्यक्ष जोडिएका संस्थाका सन्दर्भमा बजेटले गर्ने व्यवस्था केवल नीतिगत घोषणा मात्र हुँदैन, त्यसले राज्यको दृष्टिकोण, प्राथमिकता र सन्देशको पनि प्रतिनिधित्व गर्छ ।

यस्ता व्यवस्थाले बजार, लगानीकर्ता, व्यवसायी र सर्वसाधारण नागरिकमा विश्वास, आशा र उत्साहको मनोविज्ञान निर्माण गर्ने क्षमता राख्छन् । यही दृष्टिकोणबाट हेर्दा बजेटले बैंकिङ क्षेत्रले अपेक्षा गरेको स्तरको स्पष्ट र बलियो चित्र प्रस्तुत गर्न सकेको देखिँदैन । तर अर्कोतर्फ, बजेटमा समेटिएका कानूनी सुधार, खराब कर्जा व्यवस्थापन, डिजिटल वित्तीय प्रणाली विस्तार र लगानी सहजीकरणसम्बन्धी व्यवस्थालाई प्रभावकारी कार्यान्वयनसँग जोड्न सकियो भने बैंक तथा वित्तीय क्षेत्रलाई पुनः गतिशील बनाउन आवश्यक ऊर्जा, आधार र सम्भावनाको बीज भने यसभित्र विद्यमान देखिन्छ ।

आर्थिक वर्ष २०८३/८४ बजेटले बैंकिङ क्षेत्रका संरचनात्मक समस्याहरूलाई सम्बोधन गर्ने केही व्यवस्थाहरू गरेको छ, जसमध्ये सबैभन्दा उल्लेखनीय बढ्दो खराब कर्जा व्यवस्थापनका लागि विशेष कानूनी अधिकारसहित राष्ट्रिय सम्पत्ति व्यवस्थापन कम्पनी स्थापना गर्ने घोषणा हो । यदि प्रभावकारी रूपमा कार्यान्वयन भयो भने यसले बैंकहरूको ब्यालेन्स सिट सुधार्न र नयाँ कर्जा प्रवाह बढाउन महत्वपूर्ण योगदान पुऱ्याउन सक्छ । यसबाहेक, बैंकिङ कानून संशोधन, विदेशी लगानी फिर्तामा सहजता, निष्क्रिय कोषको उत्पादनमूलक परिचालन, डिजिटल भुक्तानी प्रणाली विस्तार, सहुलियतपूर्ण कर्जाको मूल्यांकन र साना किसान तथा विपन्न वर्गमा वित्तीय पहुँच बढाउने कार्यक्रमहरू पनि समावेश गरिएका छन् ।

यी व्यवस्थाहरू औपचारिक रूपमा सकारात्मक देखिए तापनि बैंकिङ क्षेत्र र निजी क्षेत्रले अपेक्षा गरेको स्तरको आत्मविश्वास पुनर्स्थापना गर्ने खालका साहसिक नीतिगत हस्तक्षेप बजेटमा स्पष्ट देखिँदैनन् । अर्थतन्त्रको मुटु मानिने बैंकिङ क्षेत्रलाई चलायमान बनाउन केवल स्रोत उपलब्ध गराएर पुग्दैन; विश्वास, स्थिरता र लगानीमैत्री वातावरण पनि उत्तिकै आवश्यक हुन्छ । यसर्थ, बजेटले केही आशा अवश्य दिएको छ, तर बैंक तथा वित्तीय क्षेत्रले चाहने उत्साह भने अझै पूर्ण रूपमा सिर्जना गर्न सकेको छैन । यो बजेटलाई पूर्ण समाधानको दस्तावेजभन्दा पनि सही कार्यान्वयनको माध्यमबाट विश्वास पुनर्निर्माण र आर्थिक गतिविधिमा नयाँ गति भर्न सक्ने प्रारम्भिक आधारका रूपमा बुझ्न सकिन्छ ।

### विश्वास पुनर्निर्माण

आज नेपालको बैंकिङ क्षेत्र स्रोतको अभावसँग होइन, विश्वासको अभावसँग संघर्ष गरिरहेको छ । बैंकहरूसँग लगानीयोग्य पूँजी पर्याप्त छ, निक्षेप निरन्तर बढिरहेको छ, तर उत्पादनमूलक क्षेत्रमा लगानी विस्तार हुन सकेको छैन । यसको कारण पूँजीको कमी होइन, लगानीकर्ताको कमजोर मनोबल, बजारको अनिश्चितता र नीतिगत विश्वासमा देखिएको कमी हो । बैंकहरू जोखिम लिन हिच्किचाइरहेका छन्, व्यवसायी विस्तारमा सावधानी अपनाइरहेका छन् र अर्थतन्त्रले अपेक्षित गति लिन सकेको छैन ।

बैंक तथा वित्तीय संस्थाका सन्दर्भमा बजेट केवल अंक, कार्यक्रम र घोषणाको दस्तावेज मात्र होइन, विश्वासको दस्तावेज पनि हो । जहाँ विश्वास हुन्छ त्यहाँ बचत हुन्छ, जहाँ बचत हुन्छ त्यहाँ लगानी हुन्छ, जहाँ लगानी हुन्छ त्यहाँ उत्पादन, रोजगारी र समृद्धि जन्मिन्छ । आज अर्थतन्त्रले खोजेको बजेट चिन्ताको निरन्तरता होइन, उत्साह जगाउने ऊर्जा हो । सरकार, नियामक निकाय, बैंकिङ क्षेत्र र निजी क्षेत्रबीच विश्वासको नयाँ सेतु निर्माण गर्न सकियो भने मात्र यो बजेट आर्थिक पुनरुत्थानको आधार बन्न सक्छ ।

समग्रमा बजेटले बैंकिङ क्षेत्रका केही कार्यमूलक चुनौतीहरूलाई सम्बोधन गर्ने प्रयास गरेको देखिए पनि अर्थतन्त्रमा अपेक्षित गति ल्याउन, आत्मविश्वास पुनःस्थापित गर्न र लगानीको वातावरणलाई उत्साहित बनाउन अझ स्पष्ट र साहसिक नीतिगत हस्तक्षेपको आवश्यकतालाई गरेको सम्बोधन पर्याप्त छैन । अर्थतन्त्रको पुनरुत्थान घोषणाले होइन, कार्यान्वयनले निर्धारण गर्नेछ । बैंकिङ क्षेत्रप्रतिको विश्वास पुनर्निर्माण गर्न सकेमा मात्र पूँजी, लगानी र आर्थिक गतिविधिको चक्र पुनः गतिशील बन्ने भएकाले बजेटले गरेको घोषणालाई कार्यान्वयन मार्फत् व्यावहारिकता दिन सकियो भने अहिलेको अवस्थामा केही सुधार आउला भनेर आशा गर्न भने सकिन्छ ।

(लेखक थपलिया गरिमा क्यापिटलमा कार्यरत कर्पोरेट कानून पेशाकर्मी हुन् ।) यो लेख लोकान्तरडटकमबाट साभार गरिएको छ ।

# बजेटपछिको शेयर बजार : भ्रम चिर्दै, लमक्क लम्कदै



रिसव गौतम

नेपालको शेयर बजार अहिले सतहमा हेर्दा केही सुस्त देखिए पनि भित्रभित्रै गहिरो परिवर्तनहरूको चरणमा छ । अर्थमन्त्री डा स्वर्णिम वाग्लले आगामी आर्थिक बर्ष २०८३/८४ का लागि ल्याएको बजेटमा पनि शेयर बजार सम्बन्धी थुप्रै कुराहरु आएका छन् । जसले शेयर बजारको दिर्घकालिन विकास, परिपक्कता र अन्तर्राष्टिय स्तरमा विस्तारका लागि गहन कुराहरु आएका छन् । जसलाई अल्पकालिन, साँघुरा र निम्क्षरो दृष्टिकोणले हेर्नुहुदैन ।

जस्तो नयाँ बजेटमा नेस्पेसमा सुचिकृत धितोपत्र विक्रि गर्दा लाग्दै आएको पुँजीगत लाभकर अन्तिम हुने व्यवस्था गरिएको छ । यस अघिका सरकारले त्यो गरेको थिएन । त्यसैगरी गैरआवासिय नेपालीलाई धितोपत्रको दोश्रो बजारमा सहभागी गराउन सहभागी गराउन विदेशी लगानी स्वीकृति, लगानीको लखाकंन, नाफा फिर्ता र पुँजीगत लाभकर सम्बन्धी कानुनी ब्यवस्था गर्ने बजेटमा भनिएको छ । त्यसैगरी नियामकीय क्षमता अभिबृद्धि, प्रविधिमैत्री कारोबार प्रणाली र लगानीकर्ता संरक्षण संयन्त्र सुदृढ गर्ने भनिएको छ । जस अन्तर्गत नेप्सेको पुर्नरसंरचना अघि बढाई इन्ट्राडे सर्ट सेलिङ, डेरिभेटिभजस्ता उपकरणको चरणबद्ध सुरुवात गरिने भनिएको छ । त्यसैगरी शेयर बजारमा अवाञ्छित गतिविधि विरुद्ध शुन्य शहनशीलताको नीति लिने भनिएको छ । बजेटले धितोपत्र बजारमा सूचीकृत कम्पनीहरूलाई आवश्यक प्रक्रिया पूरा गरी विदेशी पूँजी बजारमा प्रवेश गर्ने बाटो खुला गर्ने अर्थात् ग्लोबल डिपोजिटरी रिसिट (जीडीआर) जारी गर्न सक्ने व्यवस्था प्रस्ताव गरेको छ । यस प्रावधानले नेपालका कम्पनीहरूलाई अन्तर्राष्ट्रिय लगानीकर्तासम्म पुग्ने अवसर दिनेछ । जसबाट उनीहरूले बाह्य बजारबाट ठूलो मात्रामा पूँजी जुटाई आफ्नो व्यवसाय विस्तार गर्न सक्ने आधार तय हुनेछ । यसरी नयाँ बजेटले शेयर बजारका सम्बन्धमा धेरै बोलेको छ । त्यसको कार्यान्वयन कस्तो हुनेछ, त्यसैमा शेयर बजारको दिर्घकालिन भविष्य निहित हुनेछ । खासगरी सरकार नयाँ र युवाहरुको भएका कारण पनि बजेट हुबहु कार्यान्वयन हुनेमा धेरैले आशा पनि गरेका छन् ।

यद्यपी शेयर बजार नयाँ बजेट आइसकेपछि पनि साना तिना कुरा र खासगरी राजनीतिक पुर्वाग्रहको कोणबाट फैलाइएका भ्रमहरुबाट पनि आक्रान्त बन्यो । बजेट लगत्तै खुलेको बजारले हल्ट हाल्ने गरी सकारात्मक प्रतिक्रिया जनाउने आकलन धेरैका थिए । तर त्यो भएन । बजेट आइसकेपछि खुलेको एक हत्ता कारोबार दनीमा २६ अंकको गिरावट आयो ।

तर अब चाँही बजार परिपक्क भएको छ । अर्थात सरकारले बजेटमा ल्याएको के हो ? बजार प्रति सरकारको दृष्टिकोण के हो ? भन्ने सम्बन्धमा अब भ्रमहरु बाँकी छैनन् । बजार परिपक्क हुदैछ । बजारले क्रमश सकारात्मक दिशा समात्नेमा अब दुबैधा छैन । इतिहास, तथ्यांक र वर्तमान आर्थिक संकेतहरूलाई एकैसाथ हेर्दा हिजोका गिरावटभन्दा बढी संक्रमणको संकेत थियो । अब त्यो पार भएको छ ।

अर्थमन्त्री स्वर्णिम वाग्लेले सार्वजनिक गरेको आर्थिक वर्ष २०८३/८४ को बजेट करिब रु. २१ खर्ब २४ अर्बको छ, जुन नेपालको अहिलेसम्मकै ठूलो बजेटमध्ये एक हो । यसमध्ये पूँजीगत खर्च ४ खर्बभन्दा बढी छुट्याइएको छ, जसले पूर्वाधार विकास, निर्माण क्षेत्र र समग्र आर्थिक गतिविधि विस्तारमा टेवा पुऱ्याउने अपेक्षा गरिएको छ । निजी क्षेत्रमैत्री नीति, उद्योग-व्यापार प्रवर्द्धन, र वित्तीय प्रणालीलाई चलायमान बनाउने लक्ष्य बजेटमा स्पष्ट देखिन्छ ।

अर्थतन्त्रका पछिल्ला सूचकहरूले पनि क्रमशः सुधारको संकेत दिएका छन् । चालु आर्थिक वर्षमा आर्थिक वृद्धिदर करिब ४ प्रतिशत हाराहारी रहने प्रक्षेपण छ । जुन अघिल्लो वर्षको सुस्तताबाट माथि उठ्ने संकेत पनि हो । मुद्रास्फीति करिब ५ प्रतिशत आसपासमा सीमित हुँदै छ, जसले उपभोक्ता बजारलाई स्थिरता दिएको छ। अझ महत्वपूर्ण कुरा, बैंकिङ प्रणालीमा रहेको उच्च तरलतालाई मध्यम बर्ग तथा जागिरेहरुलाई बढी फाइदा पुग्ने गरि दिइएको बार्षिक १० लाखसम्मको कर छुट सुबिधाले ऋणको माग बढ्ने निश्चित छ । बैंकरहरुले नै गाडी तथा घरजग्गा खरिदका लागि साना, मझौला खालका ऋणको सोधखोज बढ्न थालेको बताएका छन् । जसले बजार चलायमान हुने र बैक तथा वित्तिय संस्थाहरुको ब्यवसाय बढ्ने निश्चित छन् । फलत त्यसको सकारातमक प्रभाव शेयर बजारमै देखिने हो ।खासगरी ब्याजदर र तरलताको ट्रेन्डले शेयर बजारमा निर्णायक भूमिका खेल्छ । नेपालको विगत हेर्दा जब ब्याजदर घट्न थाल्छ र बैंकहरू कर्जा विस्तारतर्फ जान्छन्, त्यतिबेला पूँजी बजारमा लगानी प्रवाह बढ्ने गरेको छ । अहिले ठीक त्यही प्रारम्भिक संकेतहरू देखिँदैछन्।

मूल्यांकनका हिसाबले पनि बजार आकर्षक बन्दै गएको छ । बजार पूँजीकरण पनि नेपालको जिडिपीको करिब ४० प्रतिशत आसपास मात्र छ, जसले दीर्घकालीन विस्तारको ठूलो सम्भावना देखाउँछ ।

क्षेत्रगत रूपमा हेर्दा, बैंकिङ क्षेत्र स्थिर नाफामा छ र ब्याजदर घट्दै जाँदा र नयाँ बजेटले मध्यम बर्गको विस्तारलाई सघाइरहँदा कर्जा विस्तार क्षमता अझ बढ्नेछ । बीमा क्षेत्रले चालु वर्षको १० महिनामा मात्र रु. १.५६ खर्बभन्दा बढी बीमा शुल्क आर्जन गरेको छ । जुन वित्तीय गतिविधि विस्तारको संकेत हो । जलविद्युत क्षेत्रमा उत्पादन र निर्यात दुवै बढ्ने क्रममा छन्, बजेटले पनि उर्जालाई धेरै माया गरेको छ । ७० अर्ब रकम त प्रशारण लाइन निर्माणका लागि छुट्याएको छ । जसले आगामी वर्षहरूमा कम्पनीहरूको आम्दानी सुधार्ने आधार तयार गर्छ ।



यद्यपि लगानीकर्ताहरू अहिले “पर्ख र हेर” को अवस्थामा अझै छन । तर बजेटले स्पष्ट दृष्टिकोण, नीति र सुविधा दिइसकेको र मौद्रिक नीति पनि त्यसैलाई सघाउने हिसावले तयार गर्न थालिएको अवस्थामा लगानीको लागि अहिले सुनौलो अवसर छ । किनकी बजार अब पछाडी फर्कने ठाउँमै छैन । एकातिर बैक तथा वित्तिय संस्था, जलविधुत कम्पनीहरु, उद्योग ब्यापार कम्पनीहरुको ब्यापार र लगानी बढ्ने दिशातिर अघि बढी सकेका छन् भने अर्कोतिर बजेट देखि मौद्रिक नीतिसम्मले शेयर बजार लागनीकतृाका तमाम माग सम्बेधान गरिसकेका छन् । त्यसकारण अहिलेको खाँचो आत्मविश्वास बढाउने र सकारात्मक सोच सहित अघाडी बढ्ने हो ।

समग्र चित्र हेर्दा, शेयर बजार सकारात्मक दिशमा अघि बढ्ने प्रशस्त आधारहरू छन । घट्दो ब्याजदर, सहज तरलता, ठूलो आकारको बजेट, उच्च पूँजीगत खर्च, र निजी क्षेत्रमैत्री नीति–यी सबै तत्व एकैसाथ अनुकूल देखिनु सामान्य कुरा होइन। इतिहासले देखाउँछ, यस्ता अवस्थाबाट नै नयाँ बुल सायकल सुरु हुने गर्छ ।

शेयर बजार सधैं उत्साहको चरम बिन्दुमा होइन, शान्त र अन्योलको समयमा नयाँ यात्रा सुरु गर्छ ।

त्यसकारण, नेपालको शेयर बजार अहिले तयारीको अवस्थामा छ । यदि बजेटका नीतिहरू प्रभावकारी रूपमा कार्यान्वयन भए, ब्याजदर घट्दो मार्गमै रह्यो र आर्थिक गतिविधिले गति लियो भने–आजको यो स्थिरता भोलिको मजबुत उकालो यात्राको आधार बन्ने सम्भावना प्रबल छ ।

***गौतम आर्थिक लेखक तथा विश्लेषक हुन् ।***

# सुन्दा राम्रो भएपनि सन्तुलन गुमेको बजेटले नतिजा दिँदैन

**टुडे समाचारदाता**

काठमाण्डु । संघीय सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि सार्वजनिक गरिएको बजेट सुन्दा आकर्षक लागे पनि यसको ठूलो आकार र असन्तुलित जगले गर्दा वास्तविक नतिजा दिन नसक्ने पूर्व अर्थमन्त्रीहरूले बताएका छन् ।

काठमाडौंमा आयोजना गरिएको नेपाल उद्योग व्यापार महासंघको बजेट समीक्षा कार्यक्रममा पूर्व अर्थमन्त्रीहरूले वर्तमान बजेटको टिप्पणी गरेका हुन् ।




बहसका क्रममा पूर्व अर्थमन्त्रीले बजेट सुन्दा कानलाई प्रिय लागेपनि व्यवहारमा यसले कुनै परिणाम दिन नसक्ने दाबी गरेका छन् ।

स्रोत र सामर्थ्य विना ल्याइएको ठूलो आकारको बजेटले अर्थतन्त्रको सन्तुलन नै गुमाएको उनीहरूले औंल्याए । मन्दीको मारमा परेका उद्योगी व्यवसायीमाझ पूर्व अर्थमन्त्रीहरूले आगामी आर्थिक वर्षको बजेट कार्यान्वयनमा ठूलो चुनौती रहेको बताएका छन् ।

पूर्व अर्थमन्त्री वर्षमान पुनले सरकारले ल्याएको आगामी आर्थिक वर्षको बजेट सुन्दा राम्रो भएपनि त्यसले ठोस नतिजा दिन नसक्ने बताएका छन् । उनले बजेटमा केही राम्रा सुरुवात गरे पनि आम जनता र निजी क्षेत्रले अपेक्षा गरेजस्तो रूपान्तरणकारी हुन नसकेको बताएका छन् ।

उनले भने 'यो बजेटले थुप्रै राम्रा काम र सकारात्मक व्यवस्थाहरू गरेको छ । तर प्रतिपक्षी दल, नागरिक समाज, निजी क्षेत्र, युवा तथा नवयुवाहरूले अपेक्षा गरेजस्तो कुनै रूपान्तरणकारी बजेट आउला भन्ने आशा थियो । त्यो अपेक्षा भने पूरा भएको देखिएन । सुन्नमा बजेट असाध्यै कर्णप्रिय, सन्तुलित र आकर्षक भाषामा प्रस्तुत गरिएको छ, तर भित्र गएर हेर्दा अपेक्षित परिवर्तनकारी स्वरूप नभएको महसुस हामीले पनि गरेका छौं ।'

त्यस्तै, काठमाण्डु, पोखरा, बुटवल-भैरहवा र चितवनलाई जोडेर आर्थिक वृद्धि केन्द्र बनाउने योजना सकारात्मक भए पनि बजेट विनियोजनमा भने सरकार चुकेको उनले बताए ।

'विगतमा हामीले उच्चस्तरीय इन्टरनेट सेवा, भरपर्दो विद्युत् आपूर्ति, वर्क स्टेसन तथा अन्य आवश्यक पूर्वाधार र सुविधा उपलब्ध गराउनुपर्ने आवश्यकता औंल्याएका थियौं । ती विषय अझै पनि पर्याप्त रूपमा सम्बोधन भएका छैनन्', उनले भने ।

पूर्व अर्थमन्त्री पुनले प्रतिपक्षी दल, नागरिक समाज र युवाहरूले खोजेको जस्तो आमूल परिवर्तनको झल्को बजेटमा नदेखिएको बताए । सुन्दा निकै राम्रो लाग्ने भाषा र शैली भएपनि कार्यान्वयनको पाटो र स्रोतको सुनिश्चिततामा बजेट फितलो रहेको उनको भनाइ छ ।

पुनले दुई वर्षअघि आफू अर्थमन्त्री हुँदा अघि सारेको 'आइटी दशक' को अवधारणालाई वर्तमान बजेटले पनि निरन्तरता दिएको भन्दै उनले प्रशंसा पनि गरे ।

'नेपालको भू-राजनीतिक अवस्थिति मात्र नभई भू-आर्थिक अवस्थिति पनि विशेष छ । हामीले प्रतिस्पर्धा गर्नुपर्ने दुई विशाल अर्थतन्त्र छिमेकमै छन् । यस्तो अवस्थामा हामीले प्रतिस्पर्धा गर्न सक्ने नयाँ क्षेत्र सूचना तथा सञ्चार प्रविधि (आईसीटी) नै हो भन्ने निष्कर्ष निकालिएको थियो', पुनले भने ।

पूर्व अर्थमन्त्री सुरेन्द्र पाण्डेले आगामी आर्थिक वर्षको बजेटले राखेको लक्ष्य पुरा हुन नसक्ने बताएका छन् । आगामी आर्थिक वर्षको बजेटले राज्यको स्वरूप बदल्छु भन्ने कुरामा अर्थमन्त्री नै दोधारमा रहेको पाण्डेको तर्क छ ।

'यो डकुमेन्टले राज्यको चरित्र बदल्छु र अर्थतन्त्रको स्वरूप बदल्छु भन्ने कुरामा उहाँ पनि कन्फ्युज्ड हुनुहुन्छ । उनी पुरानै कुरा गर्नु भएको छ । एकाध पोलिसी र करका विषयमा हेरफेर गरेर अर्थतन्त्रको स्वरूप नै बदल्छु भन्नु भएको छ । यसले केही बदल्दैन', पाण्डेले भने ।

अर्थतन्त्रको स्वरूप बदल्नका लागि अब आइन्दा सरकारले केही लिमिटेड प्रोजेक्टहरुमात्रै गर्छ र बाँकी निजी क्षेत्रलाई दिन्छु भन्न सक्नु पर्ने उनको भनाई छ ।

उनका अनुसार बजेटमा रिसोर्सको स्थिति यथावत् छ । ७ प्रतिशत ग्रोथमा राजस्व वृद्धि छ । अर्को सालबाट ३१ प्रतिशतको ग्रोथ पुऱ्याउने लक्ष्य लिइएको छ । यो राजस्व वृद्धिको ग्रोथ कसरी सम्भव छ ? कन्जम्सन बढाएर ग्रोथ गर्न सक्ने अहिले अवस्था छैन । केही कुरा सुधार भएपनि त्यो रेसियोमा राजस्व वृद्धि हुने स्थिति देखिँदैन ।

राजस्वको लक्ष्य भेट्न नसकेपछि मध्यावधि समीक्षामा बजेटको साइज घटाउने पर्ने बाध्यता आइपर्ने उनले बताए । अर्को साल ६२ अर्ब अनुदान पाउने भन्ने कुरा बजेटले गरेकोमा त्यो पनि सम्भव नरहेको उनले जानकारी दिए ।

अहिले पनि नेपालमा लगानी बढ्न नसकेको बताउँदै पौडेलले अगाडी भने, 'ब्याजदर घट्दा त पैसा लिनेहरू बढ्नुपर्ने होइन ? तर, बैंकमा अर्बौं रुपैयाँ थन्किएर बसेको छ । यस क्षेत्रको लागि सुधारका कदम नचाली बजेटले लक्ष्य भेट्न सक्दैन ।'

राष्ट्रिय गौरवका आयोजनाहरूमा छुट्याइएको बजेट पनि पर्याप्त नभएकाले यी योजनाहरू सम्पन्न गर्न वर्षौं लाग्ने उनले बताए । अब १० वर्षभन्दा बढी समय लाग्ने आयोजनाहरू घोषणा गर्न नहुने उनको भनाई छ ।

> "यो बजेटले थुप्रै राम्रा काम र सकारात्मक व्यवस्थाहरु गरेको छ । तर प्रतिपक्षी दल, नागरिक समाज, निजी क्षेत्र, युवा तथा नवयुवाहरुले अपेक्षा गरेजस्तो कुनै रुपान्तरणकारी बजेट आउला भन्ने आशा थियो । त्यो अपेक्षा भने पूरा भएको देखिएन । सुन्नमा बजेट असाध्यै कर्णप्रिय, सन्तुलित र आकर्षक भाषामा प्रस्तुत गरिएको छ, तर भित्र गएर हेर्दा अपेक्षित परिवर्तनकारी स्वरूप नभएको महसुस हामीले पनि गरेका छौं ।"

पूर्व अर्थमन्त्री प्रकाश शरण महत आगामी आर्थिक वर्षको बजेटले सन्तुलन गुमाएको टिप्पणी गरेका छन् । यस पटक बजेट विनियोजन प्रस्ताव महत्वकांक्षी रहेको उनले बताए ।

महतले भने, 'अहिले पनि अर्थमन्त्रीलाई चौतर्फी दबाब हुन्छ । विनियोजनका मागहरू धेरै भइरहेको बाबजुद बजेट ल्याउनु पर्दा आम्दानीको स्रोत जुटाउने सीमा जान्दा जान्दै बजेट ठूलो देखाउने प्रवृत्ति पहिले देखिकै हो । तर, यसपालि उहाँहरूले एक फड्को मार्नु भएको छ ।'

उनका अनुसार सरकारले २१ खर्ब २४ अर्ब खर्च गर्छु भनेपछि त्यस अनुसार नै स्रोत जुटाउँछु भन्नु पर्ने बाध्यता हुन्छ । स्रोत देखाउने भनेको पहिलो राजस्वबाट हो । जुन त्यति उठ्दैन भन्ने जान्दाजान्दै देखाउनु परेको छ । अनुदान र ऋण पनि नआउने थाहा भएपनि देखाइएको छ ।

आन्तरिक ऋणमाथि थप दबाब बढाउँदै बजेट आन्तरिक ऋणमाथि निर्भर बनेको देखिन्छ । साथै सरकारले स्रोत जुटाउन नै नसक्ने उनको जिकिर छ । जसले गर्दा ७ प्रतिशतको आर्थिक वृद्धि भेट्टाउन नसकिने उनले स्पष्ट पारे ।

'अहिले ४ प्रतिशत पनि आर्थिक वृद्धि हुन नसकिरहेको अवस्थामा एकै पटक सात प्रतिशत भेट्न सकिँदैन', महतले अगाडी भने, 'मूल्यवृद्धिको लक्ष्य भने भेटिने देखिन्छ ।'

डिपार्चर गर्छु भनेर विनियोजन ठूलो बनाउँछु भन्ने बाहेक बजेटमा अरू केही नभएको उनले जिकिर गरे । 'हाम्रो समाजको उपल्लो तप्कालाई बढी राहत दिएको छ । तल्लो तप्कालाई बेवास्ता गरेको छ । बजेटले धनीलाई छुट दिएमा गरिबी माथि उठ्छन् भन्ने खोजिएको छ । तर, यसरी सन्तुलन गर्न नै सकिँदैन', महतले भने ।

अर्थमन्त्रीले बिजुलीको भ्याटलाई पनि सामान्य लिएकोमा उनले आपत्ति जनाए । पूर्व अर्थमन्त्री महतले भने, 'बिजुलीमा भ्याट लाग्ने त्यही वर्गले सार्वजनिक यातायात पनि चढ्छ । त्यहाँ पनि बढेको छ । निजी अस्पताल र शिक्षामा धनी जान्छन् भनेर लगाएको भन्ने भाष्य बनाइएको छ । तर, सार्वजनिक शिक्षामा गुणस्तर बढाउने कुनै कार्यक्रम छैन ।'

भ्याट लगाउने विषय पनि ठिक नभएको उनले बताए । व्यवसायीले भ्याट आफ्नो नाफाबाट तिर्ने नभएर कन्जुमर मार्फत राज्यलाई तिर्ने भएकाले यसबारे बजेटले सम्बोधन नगरेको उनले बताए । साथै रोजगारी सिर्जना गर्नेबारे पनि बजेटले स्पष्ट उल्लेख नगरेको उनले बताए ।

पूर्वअर्थमन्त्री महतले भने, 'उद्योग सरकारले चलाएर चल्दैन । गर्नै पर्ने पब्लिक सर्भिसमा मात्रै सरकारले हात हाल्नुपर्छ । होइन भने निजी क्षेत्रले नै उद्योग व्यवसाय सञ्चालन गर्ने हो भन्ने कुरा बिर्सिनु हुँदैन ।'

## मन्त्रिपरिषद् बैठकमा डिडीसीको उत्पादन प्रवर्द्धनको एजेन्डामा छलफल



काठमाण्डु । स्वदेशी उत्पादनलाई राष्ट्रिय गौरवका रूपमा प्रवर्द्धन गर्न सरकारले विशेष अग्रसरता देखाएको छ ।

मन्त्रिपरिषद्को आजको बैठकमा सरकारी स्वामित्वमा रहेको दुग्ध विकास संस्थान (डिडीसी)का उत्पादनको देशव्यापी प्रवर्द्धन तथा बजार विस्तार गर्ने विषयमा गहन छलफल भएको छ ।

कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले मन्त्रिपरिषद् बैठकमा डिडीसीको उत्पादन प्रवर्द्धनको एजेन्डालाई मुख्य रूपमा उठाउनुभएको हो ।

बैठकमा मन्त्री चौधरीले स्वदेशी दुग्ध उत्पादनको संरक्षण, किसानको हित प्रवर्द्धन तथा संस्थानको व्यावसायिक सुदृढीकरणका लागि डिडीसीका उत्पादनको प्रयोग र प्रवर्द्धनलाई प्राथमिकता दिनुपर्ने कुरामा जोड दिनुभयो ।

उहाँले डिडीसीलाई थप प्रतिस्पर्धी, गुणस्तरीय र आत्मनिर्भर संस्थाका रूपमा विकास गर्न सरकारका विभिन्न निकायबीच आपसी समन्वय आवश्यक रहेको उल्लेख गर्नुभयो ।

साथै, नेपाली दुग्ध किसानबाट सङ्कलित दूधको उचित व्यवस्थापन र उत्पादनको बजार सुनिश्चित गर्न सरकारी तहबाट आवश्यक सहयोग हुनुपर्नेमा उहाँको विशेष जोड थियो ।

डिडीसीले लामो समयदेखि नेपाली उपभोक्तामाझ शुद्ध र गुणस्तरीय दूध, घिउ, दही, पनिर, चिजलगायतका दुग्धजन्य उत्पादन उपलब्ध गराउँदै आएको छ । रासस

# शासकीय सुधारसम्बन्धी १०० कार्यसूची कार्यान्वयनमा सञ्चार मन्त्रालयको उल्लेख्य प्रगति

काठमाण्डु । शासकीय सुधारसम्बन्धी १०० बुँदे कार्यसूचीअन्तर्गत सूचना तथा सञ्चार मन्त्रालयबाट सञ्चालन भइरहेका कार्यक्रममध्ये अधिकांश सम्पन्न भएका छन् । मन्त्रालयले आज त्यस्ता कार्यक्रमहरूको प्रगति समीक्षा गर्दै अधिकांश कार्यहरू सम्पन्न भई कार्यान्वयनको चरणमा पुगेको जनाएको हो ।




सेवा प्रवाहलाई सरल, छिटो, पारदर्शी तथा नतिजामुखी बनाउने उद्देश्यले अघि सारिएका सुधार कार्यक्रमहरूलाई तोकिएको समय अगावै कार्यान्वयनमा लगिसक्न सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले निर्देशन दिनुभयो । कार्यान्वयनका क्रममा कुनै समस्या देखिए सम्बन्धित निकायसँग समन्वय गरी तत्काल समाधानका लागि पहल गर्नसमेत उहाँले निर्देशन दिनुभयो ।

सरकारले नतिजामा आधारित शासकीय व्यवस्थापन लागू गर्ने उद्देश्यसहित प्रत्येक मन्त्रालयलाई प्रमुख १० कार्य पहिचान गरी कार्ययोजना तयार गर्न निर्देशन दिएको थियो । सञ्चार मन्त्रालयले तोकिएको समयभित्र आफ्नो कार्ययोजना तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा बुझाएको छ । मन्त्रालयका अनुसार ती कार्यको नियमित प्रगति समीक्षा हुने गरेको छ ।

सेवा प्रवाहलाई सरल, छिटो र परिणाममुखी बनाउने उद्देश्यले 'बिजनेस प्रोसेस रिइन्जिनियरिङ' कार्यक्रमअन्तर्गत गठन गरिएका समितिहरूले आफ्नो प्रारम्भिक काम पूरा गरेका छन् । समितिले मन्त्रालयका विद्यमान प्रक्रिया अध्ययन गरी अनावश्यक चरण हटाउने तथा सेवा सरलीकरणका लागि प्रतिवेदनको मस्यौदा तयार गरिसकेका छन् । यसमा सुझाव सङ्कलनको काम सम्पन्न भएको छ भने आवश्यक कानुनी संशोधनको आवश्यकता पहिचान भएमा थप प्रक्रिया अघि बढाइने मन्त्रालयको भनाइ छ । यस कार्यक्रमका अधिकांश सूचक पूरा भइसकेका छन् ।

त्यस्तै, कर्मचारी प्रशासन सुधारतर्फ पनि मन्त्रालयले उल्लेखनीय प्रगति हासिल गरेको छ । आर्थिक अनियमितता, ढिलासुस्ती र सेवाग्राहीप्रति असहज व्यवहार न्यूनीकरण गर्ने उद्देश्यले मन्त्रालयले कर्मचारी आचारसंहिता तयार गरी लागू गरिसकेको छ । सबै कर्मचारीबाट हस्ताक्षरसहित प्रतिबद्धता पत्र सङ्कलन गरिएको छ । यद्यपि कर्मचारीको कार्यसम्पादनलाई नतिजासँग जोड्ने महत्त्वपूर्ण कार्यक्रम अझै पूर्ण हुन सकेको छैन । प्रत्येक पदका लागि वस्तुनिष्ठ कार्यसम्पादन सूचक तयार गर्ने काम अन्तिम चरणमा पुगेको छ ।

त्यस्तै, फ्रन्ट डेस्कमा कार्यरत कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि आवश्यक विवरण सङ्कलन र तालिम आवश्यकताको सूची तयार गरी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाइएको छ । डिजिटल प्रशासन र कार्यालय पुनर्संरचनातर्फ पनि मन्त्रालयले उल्लेख्य प्रगति हासिल गरेको छ । यसले भविष्यमा सेवा प्रवाहलाई अझ छरितो, पारदर्शी र 'ट्र्याकिङ' गर्नेगरी बनाउने अपेक्षा गरिएको छ ।

नागरिक गुनासो व्यवस्थापन प्रणालीको क्षेत्रमा पनि मन्त्रालयले संरचनागत काम पूरा गरेको छ । गुनासो व्यवस्थापन समिति गठन भइसकेको छ भने फोन, मोबाइल एप, पोर्टल तथा सामाजिक सञ्जालमार्फत गुनासो दर्ता गर्ने बहुच्यानल प्रणाली सञ्चालनमा ल्याई काम गर्ने मन्त्रालयले तयारी गरिरहेको छ ।

सरकारको एक सय दिने कार्यसूचीमा सबैभन्दा महत्त्वाकांक्षी कार्यक्रमका रूपमा रहेको हुलाक सेवालाई 'गभर्नमेन्ट कुरियर सर्भिस' मा रूपान्तरण गर्ने योजना पनि कार्यान्वयनका अन्तिम चरणमा छ । हालसम्म विभिन्न ६२ वटा जिल्लाबाट हुलाकले सरकारी कागजात व्यक्तिको घरसम्मै पुऱ्याउन थालिसकेको छ । अरु बाँकी जिल्लामा पनि केहि दिनभित्रै यो सेवा शुरु भइसक्ने हुलाक सेवा विभागका महानिर्देशक मनमाया भट्टराई पञ्जेनीले बताउनुभयो । त्यस्तै, डाँक रेखा पुनरावलोकनको काम सम्पन्न भइसकेको छ । जसबाट सेवा प्रवाहको समय तथा लागत घटाउन सहयोग पुगेको छ । घरदैलोमा राहदानी सेवाअन्तर्गत ६० हजार ४४६ राहदानी हुलाकमार्फत् जिल्लामा ढुवानी गरिएको छ भने तीन हजार ११३ राहदानी सेवाग्राहीको घरसम्म पुऱ्याइएको छ । ६२ जिल्लामा सेवा विस्तार भइसकेको छ ।

त्यसैगरी राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालासँगको सहकार्यमा १७ अस्पतालबाट ८३५ वटा स्वास्थ्य परीक्षण नमुना ढुवानी गरिएको छ । यातायात व्यवस्था विभागबाट प्राप्त ५ लाख ५३ हजारभन्दा बढी सवारी चालक अनुमतिपत्र सम्बन्धित जिल्लामा पठाइएको छ भने चार जिल्लामा घरदैलो वितरणको परीक्षण समेत भइरहेको छ ।

शैक्षिक प्रमाणपत्र ढुवानी कार्यक्रम पनि शुरु भएको छ । राष्ट्रिय परिचयपत्र वितरण कार्यक्रम भने सम्बन्धित विभागबाट कार्ड उपलब्ध नभएकाले अघि बढ्न सकेको छैन । त्यस्तै नेपाल टेलिकमको सिमकार्ड वितरण कार्यक्रम पनि टेलिकमबाट सामग्री प्राप्त भएपछि मात्र सञ्चालन हुने बताइएको छ । रासस

# उपराष्ट्रपति यादवसँग इजिप्टका राजदूतको शिष्टाचार भेट

काठमाण्डु । उपराष्ट्रपति रामसहायप्रसाद यादवसँग नेपालका लागि इजिप्टका राजदूत शेरिफ मुस्ताफा अलसैयद अल्दिवानीले आज लैनचौरस्थित उपराष्ट्रपतिको कार्यालयमा शिष्टाचार भेटवार्ता गर्नुभएको छ ।



भेटमा शुभकामना आदानप्रदानपश्चात् दुई मुलुकबीचको दीर्घकालीन मित्रता, सद्भाव र समझदारी सम्बन्धका विविध आयाममा विचारविमर्श भएको उपराष्ट्रपतिको कार्यालयले जनाएको छ ।

सोही अवसरमा उपराष्ट्रपति यादवले सन् १९५७ जुलाई १६ मा कूटनीतिक सम्बन्ध स्थापना भएदेखि नेपाल र इजिप्टबीच कायम रहेको मित्रता र सद्भावपूर्ण सम्बन्धप्रति सन्तोष व्यक्त गर्नुभयो । उहाँले नेपालले सन् १९६६ मा कायरोमा र इजिप्टले सन् १९७० मा काठमाडौंमा दूतावास स्थापना गरेको उल्लेख गर्दै यसले दुई देशबीचको सौहार्दपूर्ण सम्बन्धको द्योतकका रूपमा कार्य गरेको बताउनुभयो ।

उहाँले लामो अन्तरालपछि आजै कायरोमा आयोजना हुन लागेको नेपाल-इजिप्ट द्विपक्षीय परामर्श संयन्त्रको दोस्रो बैठकप्रति खुसी व्यक्त गर्दै उक्त बैठकबाट महत्त्वपूर्ण सम्झौता तथा समझदारीपत्रहरूमा हस्ताक्षर हुने र सहकार्यका नयाँ मार्गहरू खुल्ने विश्वास व्यक्त गर्नुभयो ।

उपराष्ट्रपति यादवले नेपाल र इजिप्ट दुवै असंलग्न राष्ट्रहरूको समूह (नाम) का संस्थापक सदस्य रहेको, संयुक्त राष्ट्रसङ्घ, जी-७७ तथा विश्व व्यापार सङ्गठनलगायत अन्तरराष्ट्रिय मञ्चहरूमा साझा मुद्दाहरूमा सहकार्य गर्दै आएकामा सन्तोष व्यक्त गर्नुभयो । उहाँले संसारमा अन्याय, सिमान्तीकरण र गरिबी रहेसम्म असंलग्न आन्दोलनको सान्दर्भिकता कायम रहने समान धारणा नेपाल र इजिप्टबीच रहेको बताउनुभयो ।

उहाँले इजिप्टले असंलग्न आन्दोलनको नेतृत्व गर्दै आएको ऐतिहासिक भूमिकाको प्रशंसा गर्दै इजिप्ट सरकारले नेपाल सरकारका अधिकारीहरूलाई तालिम तथा नेपाली विद्यार्थीहरूलाई विभिन्न सङ्कायमा छात्रवृत्ति प्रदान गर्दै आएकामा धन्यवाद व्यक्त गर्नुभयो ।रासस


## भूमि प्रशासन कार्यालय, जनकपुरधाम, धनुषा

## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला धनुषा एकराही गा.वि.स. वडा नं. ३ हाल परिवर्तित विदेह न.पा. वडा नं. ६ मा बस्ने वैधनाथ मण्डलको नाती गंगाई मण्डलको छोरा राजेन्द्र मण्डले मेरो बुवा गंगाई मण्डलको नाउँमा लगत कायम रहेको साविक एकराही १-४-२-० जग्गा मध्ये सर्वे नापी भई नापनक्सा भएको जिल्ला धनुषा गा.वि.स.एकराही वडा नं.४ कि.नं.२८ क्षेत्रफल ०-१-८-० ऐ.ऐ.कि.नं. २९ क्षेत्रफल ०-०-१५-० र ऐ.ऐ.कि.नं.३० क्षेत्रफल ०-०-१६-० जग्गा निज नापीको बखत अनुपस्थित भएको कारण फिल्डबुकमा नाम उल्लेख हुन नसकेकोमा निजको मिति २०३० साल अगावै मृत्यु भई निजको हकभोग अपुताली खाने एकमात्र पत्नी देव सुनैर देवी मण्डलको पनि मिति २०५८/८/५ मा मृत्यु भई निजहरुको हकभोग खाने दुई छोरा जेठा छोरा राजेन्द्र मण्डल-१ र कान्छा छोरा जोगेन्द्र मण्डल १ भएकोमा जोगेन्द्र मण्डलको मंजुरीले उक्त जग्गा म निवेदक राजेन्द्र मण्डलको नाउँमा छुट जग्गा दर्ता नामसारी गरी पाउँ भनी द.नं.१२१५८ मिति २०८२/१०/०८ को यस कार्यालयमा माग निवेदन बमोजिम हकदावी सम्बन्धी सूचना प्रकाशन गर्ने भनी मिति २०८३/०२/११ को आदेशानुसार यो हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ । अतः निवेदकहरुको नाममा छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदाबी लाग्ने भए वा सरकारी सार्वजनिक सम्पतिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको/टाँस भएको मितिले बालेको म्याद बाहेक ३५ (पैतीस) दिनभित्र यस कार्यालयमा स-प्रमाण दाबी उजुर गर्न आउनु होला। सूचना गर्नु होला। अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सम्वन्धित सबैका लागि सूचित गरिन्छ ।

**तपसिल**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | दर्तावाला |
|---|---|---|---|---|
| एकराही | ४ | २८ | ०-१-८-० | खाली |
| एकराही | ४ | २९ | ०-०-१५-० | |
| एकराही | ४ | ३० | ०-०-१६-० | |

## भूमि प्रशासन कार्यालय, जनकपुरधाम, धनुषा

## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला धनुषा एकराही गा.वि.स. वडा नं. ४ हाल परिवर्तित विदेह न.पा. वडा नं. ६ मा बस्ने नेवा पासमानको बुहारी अवधा पासमानको पत्नी कुभेलिया पासमान-१, ऐ.ऐ.मा बस्ने ऐ.को बुहारी सुवध पासमानको बुहारी सोनावर्ती पासमान-१. ऐ.ऐ.मा बस्ने ऐ.को नाती जीवछा पासमानको छोरा झमना पासमान-१. ऐ.ऐ.मा बस्ने ऐ.को नाती. ऐ.को छोरा गोल्का पासमान-१ समेत ४ जनाले हामीहरुको ससुरा/बाजे नेवा पासमानको नाउँमा साविक लगत कायम रहेको साविक मौजे एकराही अन्तर्गतको ०-५-० जग्गामध्ये सर्वे नापी हुँदा जिल्ला धनुषा गा.वि.स.एकराही वडा नं.४ कि.नं.३९ क्षेत्रफल ०-३-१० जग्गा निज नापीको बखत अनुपस्थित नभएको कारण फिल्डबुकमा नाम उल्लेख हुन नसकेकोमा निजको मिति २०१५ साल अगावै मृत्यु भई निजको हकभोग अपुताली खाने एकमात्र पत्नी रूकिया देवीको पनि मिति २०३३ साल अगावै मृत्यु भई निज मृतकहरुको हकभोग खाने छोराहरु जेठा छोरा जीवछा पासमानको मिति २०३३ साल अगावै मृत्यु भई निजको हकभोग खाने एकमात्र पत्नी कुसमी देवीको पनि मिति २०३४ साल अगावै मृत्यु भई निजहरुको हकभोग खाने जेठा छोरा झमना पासमान-१ र. कान्छा छोरा गोल्का पासमान-१ र जीवछ पासमानको माहिला छोरा अवधा पासमान भएकामा निजको मिति २०७८/९/१२ मा मृत्यु भई निजको हकभोग खाने एकमात्र पत्नी कुभेलिया पासमान-१ र जिवछा पासमानको कान्छा छोरा सुवध पासमानको मिति २०८२/९/६ मा मृत्यु भई निजको हकभोग खाने एकमात्र पत्नी सोनावती पासमान-१ समेत ४ जना अंशियार बाहेक अन्य अंशियार नभएकोले हामीहरु झमना पासमान-१, गोल्का पासमान-१. कुभेलिया पासमान-१ र सोनावती पासमान-१ समेत ४ जनाको संयुक्त नाममा छुट जग्गा दर्ता नामसारी गरी पाउँ भनी द.नं.११५०३ मिति २०८२/०९/२९ को यस कार्यालयमा माग निवेदन बमोजिम हकदावी सम्बन्धी सूचना प्रकाशन गर्ने भनी मिति २०८३/०२/११ को आदेशानुसार यो हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ । अतः निवेदकहरुको नाममा छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदाबी लाग्ने भए वा सरकारी सार्वजनिक सम्पतिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैतीस) दिनभित्र यस कार्यालयमा स-प्रमाण दाबी उजुर गर्न आउनु होला। सूचना गर्नु होला । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सम्भन्धित सबैका लागि सूचित गरिन्छ ।

**तपसिल**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | दर्तावाला |
|---|---|---|---|---|
| एकराही | ४ | ३९ | ०-३-१० | खाली |

# कङ्गोमा इबोलाबाट १०० जनाको मृत्यु

रासस/एएफपी । पूर्वी कंगोमा इबोला भाइरसको प्रकोप घोषणा भएको एक महिनाभन्दा कम समयमा कम्तीमा १०० जनाको मृत्यु भएको स्वास्थ्य अधिकारीहरूले जनाएका छन् । पछिल्लो तथ्याङ्कले सङ्क्रमण तीव्र रूपमा फैलिरहेको सङ्केत गरे पनि वास्तविक सङ्ख्या अझै बढी हुन सक्ने आशङ्का गरिएको छ ।



स्थानीय स्वास्थ्य निकायका अनुसार आइतबारसम्म ५५० जना सङ्क्रमित पुष्टि भएका छन् । तीमध्ये १०१ जनाको मृत्यु भइसकेको र १९ जना निको भएका छन् । यो विवरण सोमबार सार्वजनिक पछिल्लो अवस्था प्रतिवेदनमा उल्लेख गरिएको हो ।

यसअघि प्रकोप घोषणा भएको केही हप्तामै सङ्क्रमण फैलिन थाले पनि औपचारिक पुष्टि ढिलो भएको अधिकारीहरूको भनाइ छ । त्यही कारण रोग नियन्त्रण र रोकथामका प्रयासहरू थप जटिल बनेका छन् ।

स्वास्थ्यकर्मीहरूका अनुसार प्रभावित क्षेत्रमा स्थानीय बासिन्दाबाट आक्रोशित प्रतिक्रिया, स्वास्थ्यकर्मीमाथि आक्रमणका घटना तथा सशस्त्र समूहको सक्रियताले नियन्त्रण अभियानलाई गम्भीर चुनौती दिएको छ । धेरै क्षेत्रमा विश्वासको कमीका कारण परीक्षण, उपचार र सम्पर्क ट्रेसिङ कार्य प्रभावित भएको छ ।

विशेषज्ञहरूले सङ्क्रमणको वास्तविक संख्या आधिकारिक तथ्याङ्कभन्दा धेरै बढी हुन सक्ने चेतावनी दिएका छन् । प्रभावित क्षेत्रमा समयमै पहिचान नहुनु र सुरक्षा अवस्थाका कारण स्वास्थ्य सेवा पहुँच सीमित भएकाले अवस्था नियन्त्रणबाहिर जान सक्ने जोखिम बढेको बताइएको छ ।

यो पछिल्लो प्रकोप दुर्लभ बुन्डिबुग्यो प्रकारको इबोला भाइरसका कारण भएको हो । यो प्रकारको भाइरस कंगोमा पहिले देखिने जाइर प्रकारभन्दा फरक हो । जाइर प्रकारका लागि खोप र उपचार उपलब्ध रहेको छ ।

तर बुन्डिबुग्यो प्रकारका लागि हालसम्म कुनै स्वीकृत खोप वा विशेष उपचार उपलब्ध नभएकाले रोकथाम र नियन्त्रण कार्य अझै कठिन बनेको स्वास्थ्य अधिकारीहरूको भनाइ छ ।

विश्लेषकहरूका अनुसार लामो समयदेखि सशस्त्र द्वन्द्व, कमजोर स्वास्थ्य पूर्वाधार र जनविश्वासको कमीका कारण कङ्गोमा इबोला नियन्त्रण अभियान पटक-पटक चुनौतीमा पर्ने गरेको छ । यसपटक पनि त्यही अवस्थाले महामारी नियन्त्रण प्रयासलाई गम्भीर रूपमा प्रभावित गरेको देखिएको छ ।

# दक्षिण कोरियाको अर्थतन्त्र पहिलो त्रैमासिकमा १.८ प्रतिशतले वृद्धि

रासस/एएफपी । दक्षिण कोरियाको समायोजित वास्तविक कुल गार्हस्थ उत्पादन पहिलो त्रैमासिकमा अघिल्लो त्रैमासिकको तुलनामा १.८ प्रतिशतले वृद्धि भएको केन्द्रीय बैंकको तथ्याङ्कले मंगलबार देखाएको छ । यो प्रारम्भिक १.७ प्रतिशत अनुमानभन्दा उच्च हो र सन् २०२० को तेस्रो त्रैमासिकपछि सबैभन्दा तीव्र वृद्धि हो ।



दक्षिण कोरियाको केन्द्रीय बैंकका अनुसार निर्यातमा आएको मजबुत वृद्धि, विशेषगरी सेमिकन्डक्टरको उच्च मागका कारण आर्थिक वृद्धिलाई प्रमुख रूपमा सहयोग पुगेको हो । यस अवधिमा निर्यात ५.९ प्रतिशतले बढेको छ भने आयात ३.९ प्रतिशतले वृद्धि भएको छ ।

निजी उपभोग ०.६ प्रतिशतले बढेको छ भने सरकारी खर्च ०.४ प्रतिशतले घटेको देखिएको छ । गानी क्षेत्रतर्फ हेर्दा उपकरण लगानी ६.६ प्रतिशतले र निर्माण लगानी १.४ प्रतिशतले वृद्धि भएको छ ।

यस्तै नाममात्र कुल राष्ट्रिय आय पहिलो त्रैमासिकमा अघिल्लो त्रैमासिकको तुलनामा ११.० प्रतिशतले बढेको छ, जसले देशभित्र र बाहिर कमाइ हुने कुल आयलाई जनाउँछ ।

मूल्य परिवर्तन मापन गर्ने डिफ्लेटर पनि सोही अवधिमा १२.९ प्रतिशतले बढेको बैंकले जनाएको छ ।

# काभा च्याम्पियनसिपका राष्ट्रिय टोलीको घोषणा



**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल भलिबल संघले पाकिस्तानमा आयोजना हुन लागेको काभा पुरुष भलिबल च्याम्पियनसिपको लागि १२ सदस्यीय राष्ट्रिय भलिबल टोलीको घोषणा गरेको छ ।

पाकिस्तान भलिबल फेडेरेसनको आयोजनामा आगामी असार १७ देखि २३ गते (जुलाई १ देखि ७) सम्म इस्लामाबादमा च्याम्पियनसिप हुनेछ ।

संघले मंगलबार विज्ञप्ति जारी गर्दै टोलीको नाम सार्वजनिक गरेको हो। टोलीमा सुनिल बोहरा, पहल गहतराज, सन्तोष वि.क, सरोज वर्देवा, राजेन्द्र धामी सुरज चुनारा छन् । त्यसै नृपध्वज बस्नेत, रबिन नगरकोटी, हिमाल सुनारी, हरिहजुर थापा, दिपेश कुँवर र विनोद चन्द टोलीमा छन् ।

गत महिना काठमाण्डुमा आयोजना भएको काभा महिला च्याम्पियनसिपमा नेपाल चौथो भएको थियो। सहभागिता जनाएको काभाका प्रतियोगितामा महिला टोली पहिलो पटक पदक विहीन भएको थियो ।

पुरुष टोलीले अहिलेसम्म काभामा पदक जित्न सकेको छैन । झन्डै एक दशक अघि पुरुष टोलीले सेन्ट्रल जोन भलिबल प्रतियोगितामा कास्य पदक जितेको थियो ।

# काठभित्र १०० टन लागुऔषध

रासस/एएफपी । चिलीका सुरक्षा तथा भन्सार निकायहरूले काठको ठूलो ढुवानीभित्र लुकाएर युरोप पठाउन लागिएको करिब एक सय टन लागुऔषध बरामद गर्दै देशकै इतिहासमा सङ्गठित अपराधविरुद्धको सबैभन्दा ठूलो कारबाहीमध्ये एक सफल भएको घोषणा गरेका छन् । अधिकारीहरूका अनुसार यो बरामदले अन्तर्राष्ट्रिय लागुऔषध तस्करी सञ्जाललाई ठूलो धक्का दिएको छ ।

सोमबार सार्वजनिक गरिएको विवरणअनुसार अभियोजन कार्यालय, समुद्री प्रहरी र भन्सार विभागको संयुक्त अभियानमा विभिन्न प्रकारका लागुऔषध मिसाइएको एक हजार ८० टन काठ नियन्त्रणमा लिइएको हो । भन्सार विभागले विज्ञप्ति जारी गर्दै यस कारबाहीलाई चिलीमा सङ्गठित अपराधविरुद्धको 'ऐतिहासिक प्रहार' को संज्ञा दिएको छ ।

बरामद गरिएका लागुऔषधमध्ये अधिकांश कोकिन र केटामाइन रहेको जनाइएको छ । युरोपेली बजारमा ती लागुऔषधको अनुमानित खुद्रा मूल्य करिब आठ अर्ब ३० करोड अमेरिकी डलर पुग्ने अधिकारीहरूको भनाइ छ ।

# पाकिस्तान र लेबनान सेनाका प्रमुखबीच भेटवार्ता

रासस/एएफपी । पाकिस्तानी र लेबनानी सशस्त्र सेनाका प्रमुखहरूले मंगलबार पाकिस्तानमा मध्य पूर्व युद्धको शान्ति वार्ता लागि भएको भेट वार्तामा थप सहयोग बढाउन सहमत भएको जनाइएको छ ।

पाकिस्तानले लामो समय देखि चलिरहेको द्वन्द्व अन्त्य गर्न संयुक्त राज्य अमेरिका र इरान बीच मध्यस्थता गरिरहेको छ भने तेहरानले सम्झौतामा लेबनानलाई समावेश गर्न जोड दिएको छ जहाँ इजरायलले इरान समर्थित हेजबुल्लाह लडाकु समुहसँग लडिरहेको छ ।

लेबनानी सेना प्रमुख रोडोल्फ हेकल आफ्ना पाकिस्तानी समकक्षी असीम मुनीरलाई भेट्न शनिबार नै पकिस्तान प्रस्थान गरेको लेबनानी स्रोतलाई उदृत गर्दै एएफपीले जनाएको छ ।

सैन्य कमान्डरहरूले आपसी हितका विषयहरू, विकसित क्षेत्रीय सुरक्षा वातावरण, रक्षा सहयोग र द्विपक्षीय सैन्य सम्बन्ध बढाउने सम्भावनाहरूमा छलफल गरेको पाकिस्तानी सेनाको मिडिया शाखाले विज्ञप्ति मार्फत जनाएको छ ।



इरान र इजरायल दुवैले सोमबार युद्ध रोकेको संकेत गरेको भएता पनि हयकलको भ्रमणको क्रममा शत्रुता अझै बढेको बताउनु भएको छ । यस अघि शान्ति वार्ताको लामो प्रक्रिया प्रति निराशा व्यक्त गर्दै आउनु भएका अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मङ्गलबार वार्ताकारहरू सम्झौतामा पुग्ने "अन्तिम चरणमा" रहेको बताउनु भएको छ ।

हिजबुल्लाह लडाकुहरूले मार्च -२ मा इरानको सर्वोच्च नेताको अमेरिकी-इजरायली हत्याको बदला लिन इजरायलमा रकेट प्रहार गरे पछि लेबनान युद्धमा तानिएको थियो ।

इजरायलले आक्रमणको प्रतिक्रिया दिदा तीन हजार ६०० जना मानिसहरु मारिएका छन् भने जारी युद्धविरामका बावजुद हेजबुल्लाहसँग गोलीबारीको बन्द भएको छैन ।


पाकिस्तानका प्रधानमन्त्री शाहबाज सरिफले इरान र इजरायलबीच नयाँ लडाइँ सुरु हुदै गर्दा युद्ध अन्त्य गर्ने अमेरिका-इरान सम्झौता "हासिल हुन लागेको" बताउनु भएको छ ।

अप्रिल -१७ मा युद्धविराम सम्झौता सुरु भए पनि, इजरायली सेनाले लेबनानको क्षेत्र भित्र यसको उत्तरी सीमाबाट १२ किलोमिटर भित्र रकेट प्रहार गरेका छन् ।

# राष्ट्रिय पुरुष भलिबल टोलीको प्रशिक्षकमा पुनः भट्ट

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रिय पुरुष भलिबल टोलीको प्रशिक्षकमा जगदिश भट्टको पुनः नियुक्ति भएको छ ।



राष्ट्रिय खेलकुद परिषद्का मुख्य भलिबल प्रशिक्षक समेत रहेका भट्टलाई पुरुष टोलीको प्रशिक्षणको जिम्मेवारी दिइएको नेपाल भलिबल संघका महासचिव रोशन श्रेष्ठले जानकारी दिएका छन् ।

अर्को महिना पाकिस्तानको इस्लामावादमा हुने काभा पुरुष भलिबल च्याम्पियनसिपमा नेपाली टोली भट्टको प्रशिक्षण उत्रिनेछ । यसअघि राष्ट्रिय पुरुष भलिबल टोलीको प्रशिक्षकको जिम्मेवारी भरत यादवले सम्हालेका थिए ।

संघले काभा च्याम्पियनसिपका लागि आज १२ सदस्यीय टोलीको घोषणा गरेको छ ।

नयाँ खेलाडीहरुको बाहुल्यता रहेको नेपाली टोलीमा सुनिल बोहरा, पहल गहतराज, सन्तोष बिक, सरोज वर्देवा, राजेन्द्र धामी, सुरज चुनारा, नृपध्वज बस्नेत, रविन नगरकोटी, हिमाल चुनारी, हरि हजुर थापा, दीपेश कुँवर र विनोद चन्द समेटिएका छन् ।

पहल, रविन, हरि हजुर, विनोद र नृपध्वज बाहेक सबै पहिलो पटक राष्ट्रिय टिममा परेका हुन्। च्याम्पियनसिप असार १७ गतेदेखि २३ गतेसम्म हुनेछ ।

गत महिला काठमाडौंमा आयोजना भएको काभा महिला च्याम्पियनसिपमा नेपाल चौथो भएको थियो। त्यो टोलीका मुख्य प्रशिक्षक भट्ट नै थिए । सहभागिता जनाएको काभाका प्रतियोगितामा महिला टोली पहिलो पटक पदक विहीन भएको थियो ।

पुरुष टोलीले अहिलेसम्म काभामा पदक जित्न सकेको छैन । झन्डै एक दशक अघि पुरुष टोलीले सेन्ट्रल जोन भलिबल प्रतियोगितामा कास्य पदक जितेको थियो ।

# मेरिकाको निशानामा चिनियाँ टेक कम्पनी

रासस/एएफपी । संयुक्त राज्य अमेरिकाले चीनका केही प्रमुख प्रविधि कम्पनीहरूले चिनियाँ सेनाको गतिविधिलाई सहयोग गरिरहेको विश्वास व्यक्त गर्दै तिनलाई समेटिएको अद्यावधिक सूची सार्वजनिक गरेको छ । यस कदमले हालै सुधारको सङ्केत देखिएको अमेरिका-चीन सम्बन्धमा पुनः तनाव बढ्न सक्ने अनुमान गरिएको छ ।




अमेरिकी रक्षा मन्त्रालय (पेन्टागन) ले सोमबार सार्वजनिक गरेको सूचीमा चीनका चर्चित प्रविधि कम्पनीहरू अलिबाबा, बाइडु, टेनसेन्ट, विद्युतीय सवारी निर्माता बीवाइडी तथा अन्य कम्पनीहरूलाई समावेश गरेको छ । पेन्टागनका अनुसार यी कम्पनीहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा चिनियाँ सैन्य क्षमतासँग सम्बन्धित गतिविधिमा संलग्न रहेको आशङ्का गरिएको छ ।

यो सूची अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले केही साताअघि बेइजिङ भ्रमण गरी चिनियाँ राष्ट्रपति सी जिनपिङसँग भेटवार्ता गरेपछि सार्वजनिक गरिएको हो । उक्त भेटमा दुवै पक्षले द्विपक्षीय सम्बन्धलाई स्थिर बनाउने प्रयास गरेका थिए । त्यसपछि ट्रम्पले सीलाई आगामी सेप्टेम्बरमा वासिङ्टन भ्रमणको निमन्त्रणा पनि दिनुभएको थियो ।

यद्यपि पेन्टागनको पछिल्लो निर्णयले विश्वका दुई ठूला अर्थतन्त्रबीचको प्रतिस्पर्धा र अविश्वास अझ गहिरिन सक्ने विश्लेषण गरिएको छ । रक्षा मन्त्रालयले यसअघि फेब्रुअरीमा यस्तै सूची संक्षिप्त रूपमा सार्वजनिक गरे पनि केही समयपछि कुनै स्पष्ट कारण नदिई फिर्ता लिएको थियो ।

सोमबार सार्वजनिक गरिएको नयाँ सूची अधिकांश रूपमा फेब्रुअरीको संस्करणसँग मिल्दोजुल्दो छ । तर त्यसबेला सूचीबाट हटाइएका दुई प्रमुख मेमोरी चिप उत्पादक कम्पनीलाई पुनः समावेश गरिएको छ । ती कम्पनीहरू चाङ्सिन मेमोरी टेक्नोलोजी र याङ्जे मेमोरी टेक्नोलोजी हुन् । अमेरिकी संसद्को चीनसम्बन्धी विशेष समितिका रिपब्लिकन अध्यक्ष प्रतिनिधि जोन मुलेनारले यो सूचीलाई अमेरिकी व्यवसाय, सरकारी निकाय र सर्वसाधारणका लागि चेतावनीका रूपमा व्याख्या गर्नुभयो । उहाँले अमेरिकी कम्पनीहरूलाई राष्ट्रिय सुरक्षासँग सम्बन्धित जोखिम भएका यस्ता संस्थासँगको व्यापारिक सम्बन्ध पुनर्विचार गर्न आग्रह गर्नुभयो ।

सूचीमा समावेश गरिएका कम्पनीहरूमध्ये अलिबाबा, बाइडु र टेनसेन्ट चीनका कृत्रिम बौद्धिकता (एआई) क्षेत्रमा अग्रणी मानिन्छन् । टेनसेन्ट यसअघि नै अमेरिकी निगरानी सूचीमा परिसकेको थियो ।

यद्यपि यी कम्पनीहरूलाई सूचीमा राखिए पनि तत्काल कडा कानूनी प्रतिबन्ध भने लाग्ने छैन । तर विश्लेषकहरूका अनुसार यस्तो सूचीलाई भविष्यमा थप कडा प्रतिबन्ध, लगानी नियन्त्रण वा अन्य दण्डात्मक उपायहरूको पूर्वसङ्केतका रूपमा हेरिन्छ ।

नयाँ सूचीमा औषधि अनुसन्धान कम्पनी वुक्सी एपटेक तथा मानव आकारका रोबोट विकास गर्ने स्टार्टअप कम्पनी युनिट्रीलाई पनि समावेश गरिएको छ । अमेरिकाले चीनका संवेदनशील प्रविधि, कृत्रिम बौद्धिकता र उच्च प्रविधियुक्त उद्योगहरूमा सैन्य सम्बन्ध रहेको आशङ्का बढ्दै गएको सन्दर्भमा यस्तो कदम चालेको जनाएको छ ।

# एक लाख डलर भिसा शुल्कमा अदालतको रोक




रासस/एएफपी । उच्च दक्ष विदेशी कामदारका लागि भिसा आवेदनमा राष्ट्रपति डोनाल्ड ट्रम्पले प्रस्ताव गरेको एक लाख अमेरिकी डलर शुल्क लागू गर्न नपाइने गरी अमेरिकी सङ्घीय अदालतले रोक लगाएको छ । यो निर्णयले आप्रवासन नीति र कार्यकारी अधिकारबीचको विवादलाई पुनः सतहमा ल्याएको छ ।

अमेरिकी जिल्ला न्यायाधीश लियो सोरोकिनले सोमबार २० वटा डेमोक्रेटिक शासन भएका राज्यहरूले दायर गरेको मुद्दामा फैसला सुनाउँदै उक्त शुल्कलाई अमेरिकी संसद्ले तोकेको कर अधिकारविपरीत भएको ठहर गर्नुभएको हो । उहाँका अनुसार राष्ट्रपति प्रशासनसँग एच-१बी भिसा आवेदनमा यस्तो प्रकारको शुल्क लगाउने कानूनी अधिकार छैन ।

फैसलामा न्यायाधीश सोरोकिनले 'जे नाम दिइए पनि एक लाख डलर भुक्तानीको स्वरूप र यसको प्रयोग हेर्दा यो कर नै हो भन्ने स्पष्ट हुन्छ' भन्दै सरकारको तर्क अस्वीकार गर्नुभएको छ । उहाँले यस्तो कर लगाउने अधिकार राष्ट्रपतिको कार्यकारी निकायसँग नरहेको पनि स्पष्ट गर्नुभयो ।

यसअघि अर्का सङ्घीय न्यायाधीशले डिसेम्बरमा छुट्टै मुद्दामा सो शुल्कलाई वैध ठहर गरेका थिए, जसविरुद्ध अहिले पुनरावेदन प्रक्रिया चलिरहेको छ । उक्त मुद्दा अमेरिकी वाणिज्य चेम्बर तथा अमेरिकी विश्वविद्यालयहरूको सङ्घजस्ता संस्थाले दायर गरेका थिए । उक्त संस्थाले अमेरिका आधारित ६९ अनुसन्धान विश्वविद्यालयहरूको प्रतिनिधित्व गर्छन् ।

राष्ट्रपति ट्रम्पले सेप्टेम्बरमा नयाँ एच-१बी भिसा नीति घोषणा गर्दै अमेरिकी श्रमिकलाई कम ज्यालामा काम गर्न इच्छुक विदेशी श्रमिकहरूले विस्थापित गरिरहेको दाबी गर्नुभएको थियो । यसै नीतिलाई उहाँको प्रशासनको व्यापक आप्रवासन नियन्त्रण अभियानको हिस्सा मानिएको छ ।

संयुक्त राज्य अमेरिकाले वार्षिक ८५ हजार एच-१बी भिसा लटरी प्रणालीमार्फत प्रदान गर्छ, जसमा करिब तीन चौथाइ लाभार्थी भारतबाट हुने गरेका छन् । यसअघि एच-१बी भिसा आवेदन शुल्क अधिकतम पाँच हजार अमेरिकी डलरसम्म मात्र रहेको थियो ।

यस निर्णयको विरोधमा राष्ट्रपति ट्रम्पका पूर्व सहयोगी एलन मस्कलगायत प्रविधि उद्यमीहरूले पनि अमेरिकी प्राविधिक क्षेत्रमा दक्ष जनशक्तिको अभाव रहेको भन्दै यस्तो कडाइले प्रविधि उद्योगलाई नोक्सान पुग्न सक्ने चेतावनी दिएका थिए ।

# न्युजिल्यान्डमा आँधीको कारण सयौं विस्थापित



रासस/एएफपी।न्यूजील्याण्डको राजधानी, वेलिंगटनमा तीव्र हावाको साथमा आएको आँधीको कारण प्रभावित तटीय क्षेत्रका घरका सयौं बासिन्दालाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको जनाइएको छ । जहाँ यातायात लगायतका सेवाहरुमा अझै अवरोध कायम रहेको जनाइएको छ ।

वेलिङ्गटनका मेयर एन्ड्र्यू लिटिलले खतरा उच्च छाल र तीव्र हावाको मौसमी चेतावनीको सुझाव दिदै ओविहिरो बे, आइल्यान्ड बे, हग्टन बे र ब्रेकर बे लगायतका तटीय क्षेत्रमा स्थानीय आपतकालको घोषणा गर्नु भएको छ ।


न्युजिल्यान्डको मौसम विज्ञान विभागले लगभग ११ मिटर उचाइमा पुग्ने छालहरूले वेलिंटनको हार्बरमा प्रहार गरेको रिपोर्ट गरेको छ भने आइल्यान्ड बेले तीव्र हावा र छालहरू तटीय सडकहरूमा फैलिएको जनाएको छ ।

मौसमी जोखिमले यातायातमा पनि बाधा पुगेको र १२८ किलोमिटर प्रति घन्टाको गतिमा हावा आउदा वेलिङ्गटन एयरपोर्ट जाने धेरै उडानहरू रद्द गरिएको जनाइएको छ ।

विभागले दक्षिण प्रशान्त र न्युजिल्यान्डको दक्षिणमा न्यून चापीय प्रणाली र शक्तिशाली आँधीका कारण तिव्र छालहरू आएको बताएको छ ।

न्युजिल्यान्डको मेटसर्विसले यो मौसमको घटना सोमबार फिलिपिन्समा आएको भूकम्पसहित कुनै पनि भूकम्पीय गतिविधि वा सुनामीसँग सम्बन्धित नभएको पुष्टि गरेको छ । चेतावनी र सावधानीका उपायहरू उच्च छाल र तीव्र हावाको पूर्वानुमान गर्ने मौसम पूर्वानुमानमा आधारित रहेर गरिएको उल्लेख गरेको छ ।

# वैदेशिक रोजगार त्यागेका युवालाई पशुपालनबाट सफलता



म्याग्दी । म्याग्दीमा वैदेशिक रोजगारी त्यागेर पशुपालनमा लागेका युवाले रहरलाग्दो सफलता प्राप्त गर्नुभएको छ।

बेनी नगरपालिका-७ कुरिलाखर्कका ४२ वर्षीय सुरेश ढुङ्ङानाले गाईभैँसी पालनबाट आकर्षक कमाई गरी सफलता प्राप्त गर्नुभएको हो । करिब एकदशक लामो वैदेशिक रोजगार त्यागेर विसं २०७२ देखि पशुपालन सुरु गर्नुभएका ढुङ्गाना जिल्लामा गाईभैँसी धेरै पाल्ने सफल अगुवा कृषकका रूपमा परिचित हुनुहुन्छ।

सुरुमा एक/एक वटा गाई र भैँसी खरिद गरेर 'ढुङ्गाना कृषि तथा पशुपक्षी फार्म' सञ्चालनमा ल्याउनुभएका उहाँले अहिले दैनिक ३०० लिटर दूध बिक्री गर्दै आउनुभएको छ। उहाँको फार्ममा अहिले ४५ वटा माउसहित ५० वटा गाईभैँसी छन्। उहाँले दैनिक रूपमा करिब ३५ हजार बराबरको दूध बिक्री गर्दै आउनुभएको छ। ढुङ्गानाको फार्ममा उन्नत जातका मुर्रा भैँसी तथा होलस्टेन र जर्सी गाईपालन हुँदै आएको छ।

"एकदशक बढी समय खाडी मुलुकमा पसिना बगाएँ, आफ्नै गाउँ फर्किएर पशुपालन र कृषिबाटै अघि बढ्ने लक्ष्यका साथ वैदेशिक रोजगारलाई बिट मारेको थिएँ, आज आफैँले सुरु गरेको कर्मबाट सफलता मिलेको छ, यो पेसाबाट खुसी र सन्तुष्टि छु", ढुङ्गानाले भन्नुभयो।

पशुपालनबाट ढुङ्गानाले आफू स्वरोजगार र आत्मनिर्भर मात्रै बन्नुभएको छैन, अन्य पाँच जनालाई नियमित रूपमा रोजगारीको अवसर सिर्जना गर्नुभएको छ । उहाँको फार्ममा तीन जनाले आवासीय रूपमा नै रोजगारमा आबद्ध छन् भने अन्य दुई जना दैनिक रूपमा फार्ममा कामका लागि आउने गर्छन् । बिहान सबेरैदेखि राति अबेरसम्म फार्मका गाई भैँसीको घाँस, पानी र स्याहारमा खटिने ढुङ्गानाले अरुको देशमा पसिना बगाउनुभन्दा आफ्नै गाउँठाउँमा रहेका सम्भावनामा भविश्य खोज्नुपर्ने बताउनुहुन्छ।

ढुङ्गानाको फार्ममा उत्पादन हुने दूध बेनी बजारकै धौलागिरि डेरी उद्योगमा खपत हुने गरेको छ। बेनी बजारदेखि नजिकको दूरीमा फार्म सञ्चालन भएकाले उहाँले मोटरसाइकलमै दूधका क्यान राखेर दूध ढुवानी गर्दै आउनुभएको छ।

फार्ममा बिहान १:०० बजेदेखि र दिउँसो २:०० बजेसम्म गाईभैँसी दुहुन सुरु गर्ने र ४:०० बजेको समयभित्र उद्योगमा दूध ढुवानी गरी पुऱ्याउने समय तालिका छ। डेरी उद्योगले प्रतिलिटर १२० रुपैयाँमा दूध खरिद गर्दै आएको छ । दूध उत्पादन नियमित हुने र डेरी उद्योगले सहजै खरिद गर्ने भएकाले दूध बिक्रीका लागि थप बजारको खोजी गर्नुपर्ने बाध्यता रहेको छैन।

कुरिलाखर्कमा आफ्नै पुर्ख्यौली जग्गामा फार्म सञ्चालन गर्नुभएका ढुङ्गानाले पशुपालनबाट भएको आम्दानीबाट थप जग्गा खरिद गरी फार्मको क्षमता बढाउनुभएको छ । उहाँको फार्ममा पूर्वाधार र गाईभैँसी खरिदमा अहिलेसम्म साढे दुई करोड बढी लगानी भइसकेको छ । जिल्लामै ठूलो र नमुना फार्मका रूपमा विकास भइरहेको यस फार्मको अवलोकनका लागि विभिन्न ठाउँबाट कृषक पुग्ने गरेका छन् । पशुपालनबाट सफलता प्राप्त गर्नुभएका युवा कृषक ढुङ्गानाले जिल्लास्तर र प्रदेशस्तरबाट विभिन्न पुरस्कार प्राप्त गरिसक्नुभएको छ।

विसं २०८० मा 'ढुङ्गाना कृषि तथा पशुपक्षी फार्म' गण्डकी प्रदेश कृषि तथा भूमि व्यवस्था मन्त्रालयबाट पुरस्कृत भएको थियो। व्यवस्थित र व्यावसायिक रुपमा पशुपालन गर्नुभएका ढुङ्गानाले स्थानीय, प्रदेश र सङ्घीय सरकार मातहतका कार्यालयबाट प्राप्त सहयोगले आफूलाई पशुपालन गर्न हौसला थपिएको बताउनुहुन्छ। फार्मबाट गाईभैँसीको गोबर मल बिक्री हुने गरेको छ।

बेनी नगरपालिकाका सहायक पशु चिकित्सक प्रदीप गौतमले ढुङ्गाना कृषि तथा पशुपक्षी फार्म नगरपालिका र जिल्लामै उत्कृष्ट रहेको बताउनुभयो । उहाँले पशुपालक कृषकलाई नगरपालिकाबाट औषधि उपचारमा प्राविधिक सहयोगका साथै विगत तीन वर्षदेखि नगरपालिकाले उत्पादनमा आधारित अनुदानसमेत उपलब्ध गराउँदै आएको जानकारी दिनुभयो। रासस

# आगामी दशकलाई 'आन्तरिक रोजगारी प्रवर्द्धन दशक'का रूपमा मनाउने श्रममन्त्री यादवको घोषणा




काठमाण्डु । युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादवले आगामी १० वर्षलाई 'आन्तरिक रोजगारी प्रवर्द्धनको दशक'का रूपमा मनाउने घोषणा गर्नुभएको छ।

स्वीट्जरल्यान्डको जेनेभामा आयोजित ११४औँ अन्तरराष्ट्रिय श्रम सङ्गठन (आइएलओ)को सम्मेलनमा आज सम्बोधन गर्दै उहाँले नारामा मात्र सीमित नभई नेपाली युवाहरूको आकांक्षा पूरा गर्न एक उत्पादनशील र समावेशी श्रमबजार निर्माण गर्ने १० वर्षे कार्ययोजना बनाइएको उल्लेख गर्नुभयो।

मन्त्री यादवले 'आर्टिफिसियल इन्टेलिजेन्स' (एआई) सँगै प्रविधिमा आएको परिवर्तन, जलवायु परिवर्तन र श्रम गतिशीलताका कारण विश्वव्यापी श्रम बजारमा नयाँ चुनौती थपिएको बताउनुभयो । उचित योजना नभएमा यी परिवर्तनहरूले असमानता र सीपको खाडल बढाउन सक्ने जोखिम औँल्याउँदै उहाँले मानवीय मर्यादा र सामाजिक न्याय सुनिश्चित गर्न प्रभावकारी त्रिपक्षीय सहयोग र आइएलओको भूमिका महत्त्वपूर्ण हुने धारणा राख्नुभयो।

डिजिटल अर्थतन्त्र र युवा स्वरोजगारका लागि नेपालले प्रविधि र नीतिगत सुधारमार्फत स्वदेशमै रोजगारी दिने लक्ष्य राखेको मन्त्री यादवको भनाइ थियो । सरकारले एआई पूर्वाधार, डिजिटल 'स्टार्टअप' र 'रिमोट वर्क'लाई प्रवर्द्धन गर्न लगानी गरिरहेको जानकारी दिनुभयो। उहाँले 'गिग इकोनोमी' र डिजिटल माध्यमबाट हुने कामका लागि स्पष्ट सम्झौता, डेटा गोपनीयता र व्यावसायिक सुरक्षा सुनिश्चित गर्न अन्तरराष्ट्रिय मापदण्डको आवश्यकता रहेकोसमेत उल्लेख गर्नुभयो।

मन्त्री यादवले 'केयर इकोनोमी' र कानुनी सुधार नेपालले इतिहासमै पहिलोपटक एकीकृत 'राष्ट्रिय केयर इकोनोमी नीति' निर्माण गर्न लागेको जानकारी दिनुभयो। यसका साथै श्रम क्षेत्रलाई थप व्यवस्थित बनाउन 'श्रम निरीक्षण महासन्धि १९४७' र 'बाध्यकारी श्रम प्रोटोकल २०१४' अनुमोदनका लागि सङ्घीय संसद्मा पेस भइसकेको उहाँले बताउनुभयो।

आप्रवासी कामदार र आप्रवासी कामदारको हकहितका लागि शून्य सहनशीलता नीति नेपाल सरकारको उच्च प्राथमिकतामा रहेको उल्लेख गर्दै मन्त्री यादवले भर्ना प्रक्रिया, उचित पारिश्रमिक र सुरक्षा सुनिश्चित गर्न सम्पूर्ण आप्रवासन प्रणालीलाई डिजिटल बनाउन लागिएको जानकारी दिनुभयो। उहाँले गैरआवासीय नेपाली (डायस्पोरा) र फर्किएका आप्रवासीहरूको सीप, अनुभव र बचतलाई देशको विकासमा जोड्न सरकार प्रतिबद्ध रहेको र उनीहरूको आर्थिक-सामाजिक पुनःएकीकरणलाई प्राथमिकता दिइने बताउनुभयो।

मन्त्री यादवले श्रम शोषण र बाध्यकारी श्रममा सरकारको 'शून्य सहनशीलता' (जिरो टलरेन्स) नीति रहेको स्पष्ट पार्नुभयो । मन्त्रालयको नाममा सुधार गरी 'युवा, श्रम तथा रोजगार मन्त्रालय' बनाइएको उल्लेख गर्दै उहाँले कामको भविष्य र युवाको भविष्य एकापसमा जोडिएको बताउनुभयो।

मन्त्री यादवले मानिसको सेवा, मर्यादित रोजगारी सृजना र सुरक्षित आप्रवासन सुनिश्चित हुने आधार निर्माणका लागि सबै आइएलओ सदस्य राष्ट्रहरूलाई मिलेर काम गर्न आह्वान गर्नुभयो। रासस

# मुस्ताङ भन्सारबाट छ अर्ब ६६ करोड बढी राजस्व संकलन




मुस्ताङ । यहाँको उपल्लो मुस्ताङस्थित लोमान्थाङ-१ न्हेचुङमा रहेको मुस्ताङ भन्सार कार्यालयले पछिल्लो जेठ १६ गतेसम्म रु छ अर्ब ६६ करोड २६ लाख राजस्व सङ्कलन गरेको छ। गत ३१ भदौदेखि पूर्ण रूपमा सञ्चालनमा आएको (नेपाल-चीन) उत्तरी कोरलानाकाबाट गत भदौदेखि यता निकासी तथा पैठारीबापत उक्त परिमाणमा भन्सार राजस्व सङ्कलन भएको हो।

नेपाल-चीन उत्तरी कोरला नाका हुँदै चीनबाट नेपाल पैठारी गरिएका मालवस्तुबाट रु १३ अर्ब ८७ करोड ७८ लाख भन्सार राजस्व सङ्कलन भएको भन्सार प्रमुख विदुर चुँडालले जानकारी दिनुभयो। उहाँका अनुसार चीनबाट कोरला नाका हुँदै नेपाल पैठारी गरिएका विद्युतीय सवारी (इभी) गाडीलगायत चाडपर्व लक्षित लत्ताकपडा, कस्मेटिक सामान, इलेक्ट्रोनिक सामानलगायत सामानको पैठारीबापत उक्त भन्सार राजस्व सङ्कलन भएको भन्सार प्रमुख चुँडालले उल्लेख गर्नुभयो।

यसैगरी, नेपालबाट कोरला नाका हुँदै चीनतर्फ निकासी गरिएका मालवस्तुबाट रु २० करोड ५५ लाख ७४ हजार भन्सार राजस्व सङ्कलन भएको प्रमुख चूँडालको भनाइ छ। नेपालबाट हस्तकलाका सामान र नेपाली उत्पादनलगायत सामग्री चीनतर्फ निकासी भएको हो। नेपाल-चीन उत्तरी कोरला नाकाबाट गत भदौदेखि १६ जेठसम्म दुई हजार ९९७ वटा विद्युतीय सवारीसाधन नेपाल भित्रिएको मुस्ताङ भन्सार कार्यालयले जनाएको छ।

चीनबाट कोरला नाका हुँदै भन्सार जाँचपास भई नेपाल भित्रिएका विद्युतीय सवारी (इभी) गाडीको पैठारीबापत रु छ अर्ब ७६ करोड दुई लाख भन्सार राजस्व सङ्कलन भएको हो । पछिल्लो समय गत जेठको दोस्रो साता चीनबाट कोरला नाका हुँदै नेपाल भित्रिएका विद्युतीय सवारीसाधनको पैठारी प्रक्रिया विवादमा परेको छ । कोरला नाकाबाट नेपाल भित्रिएका ६४९ वटा विद्युतीय सवारीसाधनको भन्सार जाँचपास भइसकेको जनाइ पनि सरकारले यसलाई अनुसन्धानको घेरामा तानेको हो। रासस

# तनहुँका स्थानीय तहलाई संघीय सरकारबाट चार अर्ब अनुदान

दमौली । स्थानीय तहले आर्थिक वर्ष २०८३/८४ का लागि सङ्घीय सरकारबाट रु चार अर्बभन्दा बढी अनुदान पाउने भएका छन् । जिल्लास्थित १० स्थानीय तहका लागि अर्थ मन्त्रालयले रु चार अर्ब ५६ करोड ४७ लाख विनियोजन गरेको हो।

सबैभन्दा बढी व्यास नगरपालिकाले र सबैभन्दा कम घिरिङ गाउँपालिकालाई बजेट विनियोजन गरिएको छ। व्यास नगरपालिकालाई रु ९४ करोड ३० लाख विनियोजन गरिएको छ। व्यास नगरपालिकाले समानीकरण अनुदानतर्फ रु १८ करोड ६० लाख, सशर्त अनुदानतर्फ रु ७५ करोड २० लाख र समपुरक अनुदानतर्फ रु ५० लाख बजेट पाउनेछ।




भानु नगरपालिकालाई रु ५९ करोड ६८ लाख विनियोजन गरिएको छ। भानुले समानीकरण अनुदानतर्फ रु १३ करोड ८७ लाख, सशर्त अनुदानतर्फ रु ४४ करोड ४१ लाख, विशेष अनुदानतर्फ एक करोड र समपुरक अनुदानतर्फ रु ४० लाख पाउनेछ।

भिमाद नगरपालिकालाई रु ४५ करोड ६९ लाख विनियोजन गरिएको छ। भिमादले समानीकरण अनुदानतर्फ रु ११ करोड १४ लाख, सशर्त अनुदानतर्फ रु ३० करोड ७३ लाख, विशेष अनुदानतर्फ रु एक करोड ६७ लाख र समपुरक अनुदानतर्फ रु दुई करोड १५ लाख पाउनेछ।

शुक्लागण्डकी नगरपालिकालाई रु ६३ करोड ७८ लाख विनियोजन गरिएको छ। शुक्लागण्डकीले समानीकरण अनुदानतर्फ रु १४ करोड ६० लाख, सशर्त अनुदानतर्फ रु ४६ करोड ४३ लाख, विशेष अनुदानतर्फ रु एक करोड ४० लाख र समपूरक अनुदानतर्फ रु एक करोड ३५ लाख पाउनेछ।

आँबुखैरेनी गाउँपालिकालाई रु ३१ करोड ४१ लाख विनियोजन गरिएको छ । आँबुखैरेनीले समानीकरण अनुदानतर्फ रु नौ करोड ६७ लाख, सशर्त अनुदानतर्फ रु १७ करोड ३६ लाख, विशेष अनुदानतर्फ रु एक करोड ८० लाख र समपूरक अनुदानतर्फ रु दुई करोड ५८ लाख पाउनेछ।

ऋषिङ गाउँपालिकालाई रु ३६ करोड ५९ लाख विनियोजन गरिएको छ। ऋषिङले समानीकरण अनुदानतर्फ रु १० करोड ३७ लाख, सशर्त अनुदानतर्फ रु २४ करोड ६१ लाख, विशेष अनुदानतर्फ रु ७६ लाख र समपूरक अनुदानतर्फ रु ८५ लाख पाउनेछ । घिरिङ गाउँपालिकालाई रु २८ करोड २९ लाख विनियोजन गरिएको छ। घिरिङले समानीकरण अनुदानतर्फ रु आठ करोड ७८ लाख, सशर्त अनुदानतर्फ रु १८ करोड ८१ लाख र समपूरक अनुदानतर्फ रु ७० लाख पाउनेछ।

देवघाट गाउँपालिकालाई रु ३३ करोड ७० लाख विनियोजन गरिएको छ। देवघाटले समानीकरण अनुदानतर्फ रु आठ करोड ३२ लाख, सशर्त अनुदानतर्फ रु २३ करोड ८२ लाख, विशेष अनुदानतर्फ रु ८६ लाख र समपूरक अनुदानतर्फ रु ७० लाख पाउनेछ।

म्याग्दे गाउँपालिकालाई रु ३० करोड ६५ लाख विनियोजन गरिएको छ। म्याग्देले समानीकरण अनुदानतर्फ रु नौ करोड ९२ लाख, सशर्त अनुदानतर्फ रु १८ करोड ६३ लाख, विशेष अनुदानतर्फ रु एक करोड ४० लाख र समपूरक अनुदानतर्फ रु ७० लाख पाउनेछ।

बन्दीपुर गाउँपालिकालाई रु ३२ करोड ६८ लाख विनियोजन गरिएको छ । बन्दीपुरले समानीकरण अनुदानतर्फ रु नौ करोड छ लाख, सशर्त अनुदानतर्फ रु २० करोड सात लाख, विशेष अनुदानतर्फ रु एक करोड ५० लाख र समपूरक अनुदानतर्फ रु एक करोड ७५ लाख पाउनेछ। रासस

# यस्ता छन् औद्योगिक क्षेत्रको भाडा नतिर्ने उद्योगहरू




काठमाण्डु । विगत लामो समयदेखि औद्योगिक क्षेत्रको करोडौँ रकम बराबरको सरकारी जग्गा, भवन र पूर्वाधार प्रयोग गरेर भाडा र महशुल नतिर्ने ठूला उद्योगीमाथि सरकारले कठोर कदम चालेको छ।

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवले सात दिनभित्र बक्यौता रकम भुक्तानी नगरे कडा कदम चाल्ने तयारी गर्नुभएको छ।

विगतका सरकारले विभिन्न बहाना बनाउँदै र सेटिङ गर्दै ठूला उद्योगीलाई जोगाउँदै आएकामा वर्तमान उद्योगमन्त्री यादवले 'भनसुन र मोलाहिजा' को राजनीति अन्त्य गर्दै कठोर कदम चाल्नुभएको उहाँको सचिवालयले जनाएको छ।

**कुन उद्योगको कति रकम तिर्न बाँकी ?**

औद्योगिक क्षेत्र व्यवस्था लिमिटेडले सोमबार सार्वजनिक सूचनाअनुसार बालाजु औद्योगिक क्षेत्रभित्र सञ्चालित नेपालकै नाम चलेका बहुराष्ट्रिय कम्पनी तथा ठूला व्यापारिक घराना नै सबैभन्दा बढी बक्यौता राख्ने सूचीमा छन्।

गुराँस इन्जिनियर्स प्राइभेट लिमिटेड रु तीन करोड ७३ लाख १९ हजार, कन्टिनेन्टल कम्पोनेन्ट एण्ड सर्भिसेज प्रालिको रु तीन करोड ६९ लाख १० हजार, बालाजु स्कुल अफ इन्जिनियरिङ एण्ड टेकको रु दुई करोड ५५ लाख ८६ हजार, बोटलर्स नेपाल लिमिटेड (कोकाकोला)जग्गा तथा पूर्वाधार बहाल रु एक करोड ७५ लाख, बालाजु अटो वर्क्स प्रालिको रु एक करोड ४५ लाख, नेपाल ग्यास उद्योग औद्योगिक जग्गा बहाल रु एक करोड ३१ लख र कन्टिनेन्ट सर्भिसेज प्राइभेट लिमिटेड रु करिब एक करोड रुपैयाँ सरकारी बक्यौता तिरेका छैनन्।

**'मौन संरक्षण' अन्त्य**

यसअघिका सरकारहरूले औद्योगिक प्रवर्द्धन र आर्थिक मन्दीको बहाना बनाउँदै यी ठूला घरानाहरूलाई करोडौँको छुट दिने वा ताकेता नगर्ने नीति अख्तियार गरेको बुझिएको छ। तर, नयाँ उद्योगमन्त्री यादवले राज्यको कोषमा आउनुपर्ने राजस्व र भाडामा कुनै पनि हालतमा सम्झौता नगर्ने स्पष्ट अडान लिनुभएको छ।

मन्त्री यादव भन्नुहुन्छ, "यो पटक विगतको जस्तो पत्र काटेर मात्र छोडिने छैन । सात दिनको समयभित्र बैंक भौचरसहित उपस्थित नहुने उद्योगहरूको लाइन काटिनेछ, उद्योग परिसर सिल गरिनेछ र अटेर गरे सञ्चालकहरूविरुद्ध सिधै वारेन्ट जारी गरी राज्यको सम्पत्ति असुली प्रक्रिया अघि बढाइनेछ।"

उद्योगहरूले नियमति रूपमा जग्गा बहाल, भवन बहाल, विद्युत् महशुल र पानी महशुल नबुझाउँदा औद्योगिक क्षेत्रभित्र नयाँ पूर्वाधार निर्माण गर्न, पुराना संरचना मर्मतसम्भार गर्न र साना उद्योगलाई समेत सेवा दिन गम्भीर आर्थिक सङ्कट परेको कुरा जारी सूचनामा उल्लेख छ। रासस


## कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८३/०२/२७ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको शाखा कार्यालय बर्दिबास, महोत्तरीबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम विक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ। साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्धारा अनुरोध गरिन्छ।

तपसिल

| क्र.सं. | शाखा कार्यालय : बर्दिबास, महोत्तरी | |
|---|---|---|
| | ऋणीको नाम, ठेगाना | जमानतकर्ताको विवरण |
| १. | नाम : दल बहादुर बुलन तामाङ<br>ना.प्र.नं. ३९०७५२४६, जि.प्र.का. धनुषा<br>जारी मिति : २०४३/०१/११<br>बाबुको नाम : जय बहादुर बुलन तामाङ<br>बाजेको नाम : धर्म सिंह<br>ठेगाना : धनुषा जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. ७<br>हाल : धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. ३ | नाम : फुल कुमारी हेन्जन<br>ना.प्र.नं. ३६०७६२०३, जि.प्र.का. धनुषा<br>जारी मिति : २०५९/०३/३१<br>पतिको नाम : दल बहादुर बुलन तामाङ<br>ससुराको नाम : जय बहादुर बुलन तामाङ<br>ठेगाना : धनुषा जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. ७<br>हाल : धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. ३ |
| | धितोको विवरण | |
| | दल बहादुर बुलन तामाङको नाममा मालपोत कार्यालय ढल्केवर, धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, हरिहरपुर वडा नं. १ ख स्थित कित्ता न २४५४ को क्षेत्रफल ०-०-१०-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय: का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : बर्दिबास, महोत्तरी, फोन नं. ०४४-५५०५६६
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np



## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि. को २१ दिने सुचना

सूचना प्रकाशित मिति : २०८३/२/२७ गते

यस बैंकको तपशिलको कार्यालयबाट तपशिल बमोजीमका व्यक्ति तथा संस्थाहरुले निम्न उद्देश्यका लागी विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज तथा बैकले पाउनुपर्ने अन्य रकमसमेत नबुझाएको हुँदा यो सुचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सुचना प्रकाशित गरिएको छ। उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन,२०७३, कृषि विकास बैक लि. को कर्जा असुली विनियमावली तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिँदा लेखिदिएको धितो लिलामी बिक्री वा अन्य व्यवस्था गरी बैङकको सम्पूर्ण लेना रकम असुल उपर गरिने जानकारी गराउदछौं। साथै तपशिल बमोजिमका व्यक्तिहरुलाई बैंकबाट कर्जा लिन मन्जुरीनामा दिने व्यक्तिहरुलाई समेत यसै सुचनाद्वारा जानकारी गराईएको छ।

**सम्वन्धित कार्यालय :- कृषि विकास वैंक लि., शाखा कार्यालय, ईश्वरपुर, सर्लाही**

तपशिल

| क्र. सं. | ग्राहकको नाम | फा.नं. | पिता/पतिको नाम | बाजे/ससुराको नाम | ठेगाना | कर्जाको उद्देश्य | सावा रकम रु. | २०८३।०२।२२ सम्मको व्याज तथा अन्य रकम | जम्मा तिर्नु पर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | उर्मिला राय | ३५६२ | कपिल राय | भरत राय | हरिपुर्वा ०३ | सरल कृषि कर्जा | २३०००० | ६१०० | २३६१०० |
| २ | रामप्रित साहनी | ३७४६ | सुखारी साहनी | दशै साहनी | ईश्वरपुर १३ | सरल कृषि कर्जा | ४००००० | १०१०० | ४१०१०० |
| ३ | सुरेन्द्र साह रौनियार | ३४८९ | महेन्द्र साह रौनियार | मनिराम साह | किसानपुर १ | सरल कृषि कर्जा | ६१४००० | ११२०० | ६२५२०० |

कृषि विकास बैंक लिमिटेड
मधेश प्रदेश कार्यालय, बीरगंज, पर्सा

# असारे विकास खर्च रोक्न अर्थको निर्देशन




**टुडे समाचारदाता**

जनकपुरधाम । लक्ष्यअनुसार राजश्व संकलन हुन नसकेको र प्रदेश सञ्चित कोषमा चाप बढ्दै गएपछि मधेश प्रदेश सरकारले चालु आर्थिक वर्षको अन्त्यतिर हुने 'असारे विकास' रोक्न बजेट खर्चमा कडाई गरेको छ।

अर्थमन्त्री युवराज भट्टराईले वित्तीय सन्तुलन कायम राख्न, वित्तीय अनुशासन सुदृढ गर्न तथा अनावश्यक खर्च नियन्त्रण गर्न विभिन्न मन्त्रालय, सचिवालय, प्रतिष्ठान तथा निकायको बजेट खर्च कटौती तथा रोक्का गरिएको बताएका छन्।

मन्त्रालयद्वारा जारी पत्रमा आर्थिक वर्षको अन्त्यमा हतार-हतार बजेट खर्च गर्ने 'असारे विकास'को प्रवृत्तिलाई निरुत्साहित गर्दै वित्तीय सुशासन कायम गर्न कडा कदम चालिएको उल्लेख गरिएको छ । चालु आर्थिक वर्षमा प्रदेशको सञ्चित कोषमा न्यून मौज्दात रहेकाले अनुमानित आयका आधारमा खर्च दायित्व व्यवस्थापन गर्न कठिनाइ भएकाले मन्त्रालयले मिति २०८३ जेठ २६ गतेको निर्णयअनुसार खर्च हुन बाँकी रकममा कडा नियन्त्रण गर्ने नीति अवलम्बन गरिएको पत्रमा भनिएको छ।

निर्देशन अनुसार हालसम्म कार्यादेश नलिएका सबै आयोजना तथा कार्यक्रमको बजेट खर्च रोक्का गरिएको छ । साथै, १० लाख रुपैयाँ वा सोभन्दा कम बजेट भएका साना आयोजना तथा कार्यक्रमका लागि विनियोजित रकम पनि खर्च गर्न नपाइने व्यवस्था गरिएको छ। आर्थिक वर्षको अन्त्यमा बजेट सक्नकै लागि काम सुरु गर्ने प्रवृत्ति नियन्त्रण गर्न यस्तो निर्णय गरिएको मन्त्रालयको भनाइ छ।

त्यसैगरी कर्मचारी तालिम, अनुगमन तथा मूल्याङ्कन, अन्य भ्रमण, इन्धन (अन्य प्रयोजन), सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालनलगायत अनुत्पादक मानिएका शीर्षकमा खर्च हुन बाँकी सम्पूर्ण रकम पनि रोक्का गरिएको छ।

यसअघि सोमबार अर्थ मन्त्रालयका उपसचिव जयकुमार राउत हस्ताक्षरित परिपत्र प्रदेशका सबै मन्त्रालय, प्रतिष्ठान, आयोग, केन्द्र तथा सचिवालयलाइ पठाइएको छ।

परिपत्र अनुसार मसलन्द तथा कार्यालय सञ्चालन खर्चमा ३० प्रतिशत कटौती गरिएको छ भने अनुगमन, सवारीसाधन मर्मत, मेसिनरी तथा औजार, निर्मित सार्वजनिक सम्पत्तिको मर्मत, पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशन, उत्पादन सामग्री, सेवा खर्च, भ्रमण, सरसफाइ तथा विभिन्न कार्यक्रम सञ्चालन शीर्षकमा विनियोजित बजेटको ५० प्रतिशत कटौती गरिएको छ।

यस्तै पुस्तक तथा शैक्षिक सामग्री, इन्धन (अन्य प्रयोजन), सफ्टवेयर सञ्चालन, कर्मचारी तालिम, अनुगमन, भ्रमण, अनुदान, सामाजिक सहायता, पशुधन तथा बागवानी विकास, विद्युत संरचना तथा पूँजीगततर्फ १० लाख रुपैयाँ वा सोभन्दा कमका स्वीकृत योजना तथा कार्यक्रमको बजेट पूर्ण रूपमा रोक्का गर्न निर्देशन दिइएको छ।

अर्थ मन्त्रालयले वित्तीय अनुशासन कायम गर्दै प्राथमिकताप्राप्त कार्यक्रमहरूको निरन्तरता सुनिश्चित गर्न खर्च नियन्त्रणको नीति अपनाइएको जनाएको छ । वर्षभरि प्रभावकारी रूपमा काम नगरी आर्थिक वर्षको अन्त्यमा मात्र हतार-हतार बजेट खर्च गर्ने प्रवृत्ति नियन्त्रण गर्न यस्तो निर्णय गरिएको उपसचिव राउतले बताएका छन्।

# निलम्बित मेयर सिंहको अख्तियारलाई चुनौती

**सिंहविरुद्धका अन्य भ्रष्टाचार तथा अनियमिततासम्बन्धी उजुरीमाथि पनि अख्तियारले अनुसन्धान तीव्र बनाएको स्रोतले जनाएको छ । हेटौंडा क्षेत्रीय कार्यालय र काठमाडौंस्थित मुख्यालयमा एक दर्जनभन्दा बढी उजुरी विचाराधीन रहेको बताइएको छ ।**

**टुडे समाचारदाता**




वीरगञ्ज।वीरगञ्जमहानगरपालिकाका निलम्बित प्रमुख राजेशमान सिंह पक्षले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कदमविरुद्ध अदालत जाने संकेत गरेको छ। नागरिकता प्रकरणलाई भ्रष्टाचार मुद्दाको रूपमा अघि बढाइएको भन्दै सिंह पक्षले अख्तियारको निर्णयमाथि गम्भीर आपत्ति जनाएको हो ।

सञ्जालमार्फत प्रतिक्रिया सार्वजनिक गर्दै मेयर सिंहका स्वकीय सचिव सत्यराज घिमिरेले सिंहमाथि लगाइएको मुद्दा भ्रष्टाचारसँग नभई उनकी छोरीको नागरिकता बनाउने विषयसँग सम्बन्धित रहेको दाबी गरे। उनले नागरिकता प्राप्तिको प्रक्रियामा सिंह सेवाग्राहीको भूमिकामा मात्र रहेको र सेवाग्राहीले अख्तियार दुरुपयोग गर्न नसक्ने भएकाले भ्रष्टाचार मुद्दा दायर गर्नु कानुनी रूपमा उचित नभएको बताएका छन् ।

घिमिरेले उक्त विषयमा यसअघि नै पर्सा जिल्ला अदालतमा मुद्दा दर्ता भई न्यायिक प्रक्रिया अघि बढिसकेको तथा सिंह धरौटीमा रिहा भइसकेको अवस्थामा अख्तियारले पुनः सोही विषयलाई आधार बनाएर विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गर्नु क्षेत्राधिकारभन्दा बाहिरको कदम भएको आरोप लगाएका छन् ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सोमवार मेयर सिंहसहित सात जनाविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ । आयोगले गलत लिखत तयार गरेको, सरकारी अभिलेख सच्याएको, सरकारी कागजात नोक्सान गरेको तथा अनुसन्धानलाई प्रभावित पार्ने उद्देश्यले झुटा प्रतिवेदन तयार गरिएको आरोप लगाएको छ।

अख्तियारका अनुसार गृह मन्त्रालयले गठन गरेको दुई सदस्यीय छानबिन समितिले वास्तविक तथ्य लुकाउने गरी प्रतिवेदन पेश गरेको निष्कर्ष निकालिएको छ । सोही आधारमा भिखारी राय, तफैल अतियार ठकुराई र षड्कुमार पोखरेलविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कैद तथा जरिवानाको माग गरिएको छ। पुष्कर राना र पशुराम पोखरेलविरुद्ध पनि सोही ऐनअनुसार कारबाहीको माग गरिएको आयोगले जनाएको छ।

मेयर सिंह र रीता भट्टराईविरुद्ध भने मुख्य कसुरदारलाई सहयोग पुऱ्याई गैरकानुनी लाभ उपलब्ध गराएको आरोपमा मतियारको हैसियतमा मुद्दा दायर गरिएको छ।

यसैबीच सिंहविरुद्धका अन्य भ्रष्टाचार तथा अनियमिततासम्बन्धी उजुरीमाथि पनि अख्तियारले अनुसन्धान तीव्र बनाएको स्रोतले जनाएको छ । हेटौंडा क्षेत्रीय कार्यालय र काठमाडौंस्थित मुख्यालयमा एक दर्जनभन्दा बढी उजुरी विचाराधीन रहेको बताइएको छ।

ती उजुरीहरूमा वीरगञ्ज-१६ छपकैयास्थित फोहोर तथा प्रदूषित पानी प्रशोधन केन्द्र परिसरमा नियमविपरीत माछा तथा बाख्रा पालन गरिएको विषय, ट्र्याक्टर खरिद प्रक्रियामा स्पेसिफिकेसन परिवर्तन गरी आर्थिक अनियमितता गरिएको आरोप, निर्वाचनअघि ठूलो संख्यामा कर्मचारी नियुक्ति तथा त्यसपछिको खारेजी, र स्थानीय कानुनविपरीत सल्लाहकारसहित कर्मचारी नियुक्त गरिएका विषय प्रमुख छन् ।

त्यसैगरी सार्वजनिक जग्गा दीर्घकालीन रूपमा व्यक्ति विशेषलाई प्रयोग गर्न दिइएको, विभिन्न राजस्व स्रोतबाट उठ्नुपर्ने रकम संकलन नगरिएको, उपभोक्ता समितिमार्फत सञ्चालन गरिएका योजनामा अनियमितता भएको तथा महानगरको आर्थिक व्यवस्थापनमा गम्भीर कमजोरी रहेको आरोपसमेत अनुसन्धानको दायरामा रहेको जनाइएको छ।

किर्ते तथा जालसाजीसम्बन्धी मुद्दामा गत साता जिल्ला अदालत पर्साबाट धरौटीमा रिहा भएका सिंह भ्रष्टाचार मुद्दा दर्ता भएसँगै स्वतः निलम्बनमा परेका छन्। निलम्बनसँगै उनका सल्लाहकार, स्वकीय सचिव तथा राजनीतिक नियुक्तिमा रहेका अन्य व्यक्तिहरूको जिम्मेवारी पनि समाप्त भएको छ।

# लालपूर्जा माग गर्दै अर्धनग्न प्रदर्शन

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको राजविराजमा बिटौरी जग्गा धनीहरुले आन्दोलनको क्रममा लालपूर्जा माग गर्दै अर्धनग्न प्रदर्शन गरेका छन् ।

राजविराज नगरपालिकामा गरिएको तालाबन्दी मंगलबार प्रहरीले बल प्रयोग गरी फुटाई दिएपछि उनीहरुले प्रहरीले आफूहरुको आन्दोलनमा बल प्रयोग गरेको भनी अर्धनग्न प्रदर्शन गरेका हुन ।

दिउँसो ३ बजेतिर प्रहरीको टोलीले नगरपालिका कार्यालय प्राङ्गणमै धर्नामा बसेका आन्दोलनकारीहरुलाई बल प्रयोग गरी हटाउँदै ताल्चा तोडेपछि तनाव उत्पन्न भएको थियो । प्रहरीको बल प्रयोगले आक्रोसित नगरवासीले बजार बन्द गराई नगरपालिकाका कार्यवाहक मेयर तथा प्रहरी प्रशासनबिरुद्ध चर्को नाराबाजी गरेका छन् ।

नगरवासीको तर्फबाट गठित जनआन्दोलन परिचालन समितिका संयोजक खेलानन्द दासको नेतृत्वमा स्थानीय कृष्ण मन्दिर परिसरबाट अर्धनग्न जुलुस प्रदर्शन गर्दै उनीहरुले ठाउँ ठाउँमा टायर बाल्दा यतायात आवागमन समेत प्रभावित बन्न पुगेको छ ।



यसअघि आन्दोलनरत नगरवासीले नगरपालिका कार्यालयमा धर्ना दिएको मंगलबार १९ दिन तथा पालिकामा तालाबन्दी गरेको ९ दिने पुगेको बेला मंगलबार प्रहरीले बलपूवर्क पालिकामा लगाइएको ताला तोडेका थिए । सोहीको बिरोधमा नगरवासीले बजार बन्द गराई जुलुस प्रदर्शन गरेका छन् ।

राजविराज स्थापनाकाल देखि नै नगरको मुख्य सडक मेनरोड तथा सडकको दायाँ बाया करिब ७० विगहा क्षेत्रफलमा वसोवास गर्दै आएका ५ हजार भन्दा बढी परिवार हालसम्म लालपुर्जा नपाई सुकुम्बासी झै बसेका छन् ।

उक्त जग्गामा वसोवास गर्दै आएकाहरुले आफ्नै लगानीमा घर, पसल लगायतका संरचना बनाएका छन् । पुस्तौ देखि जग्गा उपभोग गर्दै आएपनि १७ जना बाहेक कसैको नाममा लालपुर्जा अहिले सम्म बन्न सकेको छैन । नागरिकता, विजुली, खानेपानी, नगरपालिकालाई महसुल र कर तिरेको रसिद पनि छ । तर सबै प्रमाण हुदा पनि लालपुर्जा पाउन पाउन सकेको छैन ।

आन्दोलन परिचालन समितिका संयोजक खेलानन्द दासले विटौरी जग्गाको राजस्व राजविराज नगरपालिकामा बुझाउँदा समेत लालपुर्जा वितरणमा बेवास्ता गरेको भन्दै आक्रोशित पोखेका छन् । उनीहरुले जेठ २९ गतेदेखि अनिश्चितकालीन बजार बन्दसहित नापी कार्यालयमा तालाबन्दी लगायतका थप सशक्त आन्दोलनको कार्यक्रम अघि बढाउने उनले चेतावनी दिएका छन ।

१९९८ सालदेखि बसोबास गर्दै आएको नगरबासीलाई पटकपटक आश्वासन दिएपनि हालसम्म लालपुर्जा वितरण नगर्दा बाध्य भई आफूहरु हकभोगको आधारमा जग्गाको लालपुर्जा उपलब्ध गराउनुपर्ने एक सूत्रीय माग राखी ३ सातादेखि विभिन्न स्वरुपको चरणबद्ध दवावमुलक कार्यक्रम गर्दै आएपनि सुनुवाइ नभएको उनले बताए।

२०२८ सालमा राजविराज शहरको ७० विघा जग्गालाई नापी शाखाले गाउँ ब्लक दावी गर्दै श्रेस्ता कायम गरिएको थियो । त्यसलाई आधार मानेर नगरपालिकाले बिटौरी कर लिदैं आएका थिए भने बिजुलीबती देखि सडक पूर्वाधार समेतका सबै सरकारी सेवा पाउदै आएको छ।

नगरपालिकामा कर बुझाएर बैंकमा जग्गा धितो राखी कारोबार हुँदै आएकोमा पछिल्लो समय विटौरी जगाको लालपुर्जा उपलब्ध गराउने भनी सरकारले बैंकलाई देशव्यापी पत्राचार गरेपछि बैंकले धितो बन्धक राख्न रोक लगाएको छ । बैंक जग्गामा ऋण दिन रोक लगाएपछि धेरैको उद्योग व्यवसाय धारासायी अवस्थामा समेत पुगेको छ।

# रास्वपा पर्सामा पन्त समूह विजयी

**टुडे समाचारदाता**




वीरगञ्ज । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को मधेश प्रदेशभर जिल्ला अधिवेशन विवादैविवादले ग्रस्त भई अधिवेशन नै प्रभावित भएको छ । तर यसै विवादको क्रममा पर्सा जिल्लाले अधिवेशनमार्फत नयाँ नेतृत्व चयन गर्न सफल भएको छ।

मधेश प्रदेशका आठ जिल्लामध्ये पर्सा मात्रै यस्तो जिल्ला बनेको छ ,जहाँ जिल्ला अधिवेशन सम्पन्न भई चुनावी प्रतिस्पर्धाबाट नयाँ नेतृत्व चयन भएको हो । अन्य जिल्लामा देखिएको विवाद र मारपिटका कारण पार्टी केन्द्रले मधेश प्रदेश अधिवेशनसँग सम्बन्धित सम्पूर्ण कार्यक्रम अर्को सूचना जारी नभएसम्मका लागि स्थगित गरिसकेको छ।

पर्साको जिल्ला कार्यसमितिमा सांसद बुद्धिप्रसाद पन्त (हरि पन्त) पुनः जिल्ला सभापतिमा निर्वाचित भएका छन् । उनले आफ्ना प्रतिद्वन्द्वी तथा पर्सा क्षेत्र नम्बर २ का सांसद सुशीलकुमार कानुलाई ४८ मतको फराकिलो अन्तरले पराजित गर्दै विजयी भएका हुन्।

सोमबार बिहानदेखि सुरु भएको चुनावी प्रक्रिया मंगलबार बिहान मतगणाना पछि करिब ४ बजे सम्पन्न भएको थियो । पार्टीको संगठनात्मक चुनावी प्रतिस्पर्धामा सांसदद्धय हरि पन्त र सुशीलकुमार कानु दुवै पक्ष प्यानलसहित उत्रिएका थिए। निर्वाचन परिणामले भने पन्त नेतृत्वको प्यानललाई एकतर्फी सफलता दिलाएको केन्द्रिय सदस्य नन्दन यादवले बताए।

निर्वाचन समितिका संयोजक नन्दन यादवका अनुसार सभापति पदमा हरि पन्तले १६६ मत प्राप्त गरेका थिए भने उनका प्रतिद्वन्द्वी सांसद सुशीलकुमार कानुले ११८ मत प्राप्त गरेका थिए । कानुको पक्षमा पर्सा क्षेत्र नम्बर ३ का सांसद रामाकान्त चौरसिया, क्षेत्र नम्बर ४ का सांसद टेकबहादुर शाक्य खुलेर उभेपनि पन्तलाई हराउन सकेन।

पार्टीको जिल्ला तथा क्षेत्रिय नेतृत्वमा पन्त पक्षका प्यानलनै जित हासिल गरेको छ । पन्त प्यानलका उपसभापति पदमा दिलीपकुमार कुर्मी १६२ मतसहित निर्वाचित भए। उनका प्रतिस्पर्धी रन्दीप श्रीवास्तवले ११४ मत प्राप्त गरेका थिए।

त्यस्तै सचिव पदमा सुदिशकुमार प्रजापति १६० मतसहित विजयी भए भने उनका प्रतिद्वन्द्वी शिवकुमार साह ११६ मतमा सीमित भए। सहसचिव पदमा कृष्णा पासवान १४९ मत प्राप्त गर्दै निर्वाचित हुँदा नीरजकुमार साहले ११३ मत प्राप्त गरे।

सदस्य पदतर्फ तुलसा पौडेल अधिकारी १६० मत प्राप्त गर्दै सर्वाधिक लोकप्रिय उम्मेदवार बनेकी छन्। साथै प्रियङ्का कुमारी कुर्मी, पूर्णबहादुर सापकोटा, कामोध्या चौधरी र शशीदेवी थरुनी पनि सदस्य पदमा निर्वाचित भएका छन्।

## जबरजस्ती करणी आरोपमा बालका पक्राउ

**टुडे समाचारदाता**

राजविराज। जबरजस्ती करणी मुद्दामा संलग्न रहेको आरोपमा सप्तरी प्रहरीले एक बालकलाई पक्राउ गरेको छ। १६ वर्षीया बालिकालाई जबर जस्ती करणी गरेको आरोपमा कञ्चनरूप नगरपालिका-८, कञ्चनपुर बेरियर चोकबाट बालकलाई पक्राउ गरिएको जनाइएको छ।

पक्राउ परेका बालको नाम गोप्य राखिएको छ। जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी निरीक्षक विजय कार्कीका अनुसार जेठ २३ गते बिहान करिब १० बजे कञ्चनपुरका बालकले आफ्नै फुपुको घरमा पीडित बालिकामाथि जबरजस्ती करणी गरी फरार भएका थिए।

पीडित बालिकाकी आमाको जाहेरीका आधारमा मुद्दा दर्ता गरिएको तथा पक्राउ परेका आरोपितविरुद्ध अनुसन्धान अघि बढाइएको उहाँले जानकारी दिएका छन्। सप्तरी जिल्ला अदालतबाट तीन दिनको म्याद थप अनुमति प्राप्त गरी थप अनुसन्धान भइरहेको प्रहरी निरीक्षक कार्कीले बताएका छन।

# भारतमा बन्धक परेका नेपाली फर्काइदैं

**टुडे समाचादाता**

जनकपुरधाम । रोजगारको लागि भारतमा बन्धक बनाइएका महोत्तरीको बर्दिबास नगरपालिका



-१४ स्थित मुसहर बस्तीका बालबालिकासहित १६ जनाको उद्धार गरी नेपाल फर्काइने प्रक्रिया अघि बढाइएको छ।

बन्धकमा परेका नेपाली उद्धार टोलीको सम्पर्कमा आएपछि उनीहरुलाई उद्धार गरी नेपाल फर्काउने तयारी अघि बढाइएको जनाइएको छ । आफन्त इण्डियाको सहकार्य, नयाँ दिल्लीस्थित नेपाली दूतावासको समन्वय र महोत्तरी प्रहरीको पहलमा उनीहरूको उद्धार भएको हो।

इलाका प्रहरी कार्यालय बर्दिबासका डीएसपी गुरु प्रसाद तिमिल्सिनाका भारतमा श्रम शोषणमा परेका मुसहर बस्तीका स्थानीयहरुलाई उद्धार गरि नेपाल ल्याउन लागिएको छ । उद्धार टोलीमा सहभागी मध्येका अशोक सादाका अनुसार भारती प्रहरीको सहयोगमा बन्धक बनेकाहरुको उद्धार सम्भव भएको छ । उनीहरूले कमाए बापतको ज्याला पनि त्यहाँका प्रहरीले हिसाब गराएर दिलाएर नेपाल ल्याउने तयारी अघि बढाइएको उनले जनाएको छ।

श्रमिकहरूलाई डर त्रास देखाई यातना समेत दिँदै बन्धक बनाइएको थियो । कुटपिट गर्दै यातना दिएको फोटो, भिडियोहरू समेत पीडितहरूले परिवारजनलाई पठाएका थिए । आफन्तजनले उद्धार गरी दोषीलाई कानुन बमोजिम कारवाही गर्न ईलाका प्रहरी कार्यालय बर्दिबासमार्फत भारतको नयाँ दिल्लीस्थित नेपाली राजदुतावासमा निवेदन दिएका थिए।

वीरेन्द्र सदा, कारिचरण सदा, अशोक सदा, अमरलाल सदा र मनोहर सदाले प्रहरीमार्फत दूतावासमा बन्धकमा परेकाहरु खोजी गरि उद्धार गर्न निवेदन दिएका थिए । उनीहरुका छोरा छोरी, श्रीमती बन्धक बनेका थिए।

दिलिप परियारले २७-मार्च-२०२६ मा भारतको हरियाणा, जिल्ला झज्जर, गाउँ हेलन गाउँ स्थित कुखुरा फर्ममा अन्डा टिप्ने काम रहेको र सो काममा राम्रो कमाई हुन्छ भनि आश्वासन दिलाई उनीहरूलाई लगेका थिए।

# दुई विदेशी नागरिक पक्राउ

**टुडे समाचारदाता**

वीरगञ्ज । भीसा बिना नै भारत प्रवेश गर्न लागेका दुई विदेशी नागरिकलाई भारतीय सुरक्षाकर्मी नेपाल–भारत सीमा



क्षेत्र अन्तर्गत रक्सौलस्थित मैत्री पुलबाट पक्राउ गरेको छ।

दैनिक सुरक्षा जाँचका क्रममा पक्राउ पर्नेमा म्यानमारका आङ निङ ल्याट र स्विट्जरल्यान्डकी जुनिला बेक श्रेष्ठा रहेका छन् । उनीहरू वैध भिसा तथा आवश्यक यात्रा कागजातबिनै भारत प्रवेश गर्न खोजिरहेको अवस्थामा नियन्त्रणमा लिइएको भारतीय सञ्चारमाध्यमहरूले जनाएका छन्।

हरैया थाना क्षेत्र अन्तर्गत रहेको मैत्री पुलमा नियमित जाँचका क्रममा सुरक्षा निकायले उनीहरूलाई रोकेको थियो। त्यसपछि हरैया थाना प्रहरीले दुवै विदेशी नागरिकलाई नियन्त्रणमा लिएर थप अनुसन्धान अघि बढाएको छ।

हरैया थाना प्रमुख कृष्ण पासवानका अनुसार पक्राउ परेका दुवै विदेशी नागरिकलाई आवश्यक कानुनी प्रक्रियाका लागि मोतिहारी अदालत पठाइएको छ । साथै भारतीय अध्यागमन (इमिग्रेशन) विभाग तथा सुरक्षा निकायहरूले उनीहरू वैध कागजातबिनै भारत प्रवेश गर्न खोज्नुको उद्देश्यबारे पनि अनुसन्धान गरिरहेका छन्।

प्रहरीका अनुसार पक्राउ परेका म्यानमारका नागरिक आङ निङ ल्याट याङ्गुनस्थित मायाङ्गोन क्षेत्रका बासिन्दा हुन्। त्यस्तै स्विट्जरल्यान्डकी जुनिला बेक श्रेष्ठाको स्थायी बसोबास लाउफेनबर्ग, स्विट्जरल्यान्डमा रहेको बताइएको छ।

भारत-नेपाल खुला सीमामा विदेशी नागरिकहरूको आवागमनका विषयमा विशेष निगरानी राखिँदै आएको छ। सुरक्षा अधिकारीहरूका अनुसार सीमामा नियमित जाँचलाई थप कडाइ गरेका छन् ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८